मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण**- नेपालमा रेल्वेको इतिहास र वर्तमान अवस्था

**सुशील दर्लान** - सन्तान विदेशमा बाबुआमा वृद्धाश्रममा

**रमेश लम्साल** - किसानलाई बजारसँग जोड्ने नेपाली ढाँचाको 'पैँचो पसल'

**सबिता आचार्य / करुणा देवकोटा** - यौनः शिक्षा या अश्लीलता ?

वर्ष २ ● अंक ३०९ ● २०८१ साल असोज १२ गते शनिबार ● Saturday 28, September 2024 ● सूर्योदयः बिहान ५:५६ बजे ● सूर्यास्तः साँझ ५:५५ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## भारतको अयोध्या र जनकपुरबीचको रेल्वे सेवा अन्योल

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
भारतको अयोध्यामा राम मन्दिर निर्माण भएपछि जनकपुरधाम र अयोध्याबीच रेल्वे सञ्चालनको विषयमा चर्चा पाए पनि अहिलेसम्म मूर्त रुप लिन सकेको छैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रेल्वे सञ्चालनका विषयमा चासो राखेका थिए । केही समयपूर्व चर्चासमेत चलेको थियो भने जाने विषयमा समेत मिति तोकिएको थियो । तर अन्तिम समयमा आएर त्यो हुन सकेन । केही समयपूर्व भारतमा तीर्थयात्रु बोकेर रेल्वे नेपाल आएको थियो । तर त्यो आएर फर्किएपछि झनै यसको सम्भव्यताको रुपमा चर्चा शुरु भएको थियो । तर त्यो अहिलेसम्म मूर्त रुप लिनसकेको छैन । कहिलेदेखि सञ्चालनमा आउने हो, त्यो विषयमा समेत अन्योलको अवस्था देखिएको छ । रेल्वे कम्पनीले प्रत्येक शनिबार जनकपुरधामबाट १:३० बजे अयोध्याका लागि रेल प्रस्थान हुने र सोही रेल आइतबार बिहान चार बजे अयोध्या पुग्ने गरी तालिका सार्वजनिक गरिएको थियो । सोही रेल सोमबार बिहान पाँच बजे त्यहाँबाट जनकपुरधामका लागि प्रस्थान गर्ने तालिका बनाएको थियो ।भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले भारतको अयोध्यासम्म रेल्वे सञ्चालनको लागि भारतले चासो देखाएपछि अहिलेसम्म त्यसलाई मूर्त रुप दिन नसकिएको बताए । उनले भने, 'भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चासो राख्नु भएको थियो, हामीले समेत यसमा सकरात्मक रुपमा आफ्नो कुरा राखेका थियौँ तर थप केही प्राविधिक विषयमा छलफल गर्न बाँकी रहेकाले गर्दा त्यो सम्भव हुन सकेन ।'

दाहालले अयोध्याबाट जनकपुर रेल्वे आउने र नेपाली रेल्वेसमेत भारतसम्म जाने विषय थियो, त्यो विषयमा छलफल आवश्यक रहेकाले सम्भव हुनसकेको छैन । प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री मोदीबीच संयुक्त राष्ट्रको सभामा भाग लिने क्रममा भेटवार्ता भएको र यसमा पनि यो विषयमा छलफल भएको तथा आएपछि थप कुराको विषयमा जानकारी हुने बताए । उनले नेपाल निकै सकारात्मक रहेको बताए । दाहालले अयोध्या र नेपालबीच सिधा रेल्वे सञ्चालन भएको खण्डमा यसले यातायात मात्रै होइन । नेपाल भारतको सांस्कृतिक गतिविधिसमेत बढाउन मदत पुग्ने जानकारी दिए । दुबै देशका प्रधानमन्त्री स्वदेश फिर्ता भएपछि फेरि जनकपुरधाम अयोध्या रेल सेवा सञ्चालनका विषयमा कुनै ठोस निर्णय हुने मन्त्री दाहालले बताए । जनकपुरधाम–जयनगर रेल्वेको उद्घाटन २०२२ अप्रिल २ मा भएको थियो । दुबै देशका प्रधानमन्त्रीले संयुक्तरूपमा दिल्लीबाटै त्यसको उद्घाटन गरेका थिए ।

# असोजे झरीले देशभरको जनजीवन प्रभावित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बिहीबार रातिदेखि लगातार परेको अविरल वर्षाका कारण सिंगो मधेशसँगै देशभरको जनजीवन प्रभावित भएको छ । देशभर मनसुन सक्रिय हुँदा देशका ठूला नदीहरुमा बाढीले जनजीवन अरु ताह पारेको छ । केन्द्रीय राजधानी काठमाडौ उपत्यकाका बागमती, मनोहरा, विष्णुमतीलगायतका नदीमा बाढी खतराको तहमा पुगेको छ । नदी तटीय क्षेत्रमा यात्रा गर्ने र आसपास बस्ने स्थानीयलाई सतर्क रहन जल तथा मौसम विभागले आग्रह गरेको छ ।

देशैभर मध्यमदेखि भारी वर्षा
पछिल्लो २४ घण्टायता देशैभर मध्यमदेखि भारी वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाको विवरणमा सङ्घीय राजधानी काठमाडौ उपत्यकासहित देशका अधिकांश स्थानमा भारी वर्षा मापन गरिएको छ । महाशाखाका मौसमविद् बिनु महर्जनका अनुसार काठमाडौसहित देशका अधिकांश स्थानमा वर्षा भइरहेको छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा भएको उनले बताइन् । कोशी प्रदेशको झापा, इलामलगायत क्षेत्रमा अति भारी वर्षा भएको छ ।

झापाको अनारमनीमा दुई सय तीन मिलिमिटर र चन्द्रगढी विमानस्थलमा दुईसय ६० मिलिमिटर र इलाममा दुई सय ४३ मिलिमिटर वर्षा मापन गरिएको मौसमविद् महर्जनले जानकारी दिइन् ।

पछिल्लो एक घण्टामा सुदूरपश्चिम र कर्णाली प्रदेशमा तुलनात्मक रुपमा कम वर्षा भएको छ । काठमाडौका थोरै स्थानमा भारी वर्षा भएको छ । कीर्तिपुरमा ८४ मिलिमिटर र बूढानीलकण्ठमा ६५ मिलिमिटर, काठमाडौका अन्य क्षेत्रमा ६० मिलिमिटरभन्दा बढी वर्षा मापन गरिएको महाशाखाले जनाएको छ ।

ललितपुरको लेलेमा एक सय १५ दशमलव पाँच र गोदावरीमा ९३ दशमलव आठ मिलिमिटर वर्षा मापन गरिएको छ । अहिले सबै प्रदेशमा निरन्तर वर्षा भइरहेको र शनिबार पनि दिनभर वर्षा हुने सम्भावना रहेको मौसमविद् महर्जनले जानकारी दिइन् । आइतबार मध्यान्हपछि मौसममा केही सुधार आउँदै जाने महाशाखाले जनाएको छ ।

देशभर मनसुनी वायुको प्रभाव निरन्तरको वर्षासँगै उपत्यकालगायत मुलुकका अधिकांश नदीनालामा जलसतह बढेको छ । काठमाडौको बागमती, विष्णुमती, धोबीखोला, ललितपुरको कर्मानासा, भक्तपुरको हनुमन्ते खोलामा जलसतह उच्च रहेको छ । वर्षाले काठमाडौसहित मुलुकभरको जनजीवन प्रभावित भएको छ ।

जल तथा मौसम विज्ञान विभागले मोबाइलमार्फत सूचना पठाएर आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । काठमाडौ उपत्यकास्थित बागमती नदी, खोकना, मनोहरा, गौरीघाट, बल्खु खोला बलम्बु र विष्णुमती गोङ्बु बसपार्क जलमापन केन्द्रमा हालको जलसतह सतर्कता तह पार गरेको र बढ्दो क्रममा भएकाले नदी तटीय क्षेत्रमा यात्रा गर्ने र बस्नेले उच्च सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

देशभर मनसुनी वायुको प्रभाव परेको छ । साथै भारतको उत्तर मध्य महाराष्ट्र र आसपासको क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको प्रभाव पनि नेपालमा रहेको महाशाखाले जनाएको छ ।

यता, काठमाडौ महानगरपालिका–१५ अन्नपूर्णचोक नजिक हलचोकबाट अजिमातर्फ जाने ढल मिसिएको खोलाले बगाउँदा एक जना बेपत्ता भएका छन् । प्रहरीका अनुसार शुक्रबार साँझ ६ः१५ बजेतिर बागमती प्रदेश ०२–०१८ प २९७३ नम्बरको मोटरसाइकलमा सवार सिन्धुपालचोक घर भइ हाल रानीवन बस्ने चालक राजन श्रेष्ठलाई खोलाले बगाएको हो । जिल्ला प्रहरी परिसर काठमाडौका प्रवक्ता एवम् प्रहरी उपरीक्षक नवराज अधिकारीका अनुसार मोटरसाइकल निकाले पनि चालक श्रेष्ठ वेपत्ता छन् । श्रेष्ठको खोजी भइरहेको छ ।

## सशस्त्र प्रहरीको माइकिङ



अविरल वर्षासँगै रौतहटस्थित नदीखोलामा पानीको सतह बढ्दै गएको छ । पूर्वमा रहेको बागमती, चाँदी, झाँझलगायतका नदीखोलामा पानीको सतह बढेको छ ।

त्यस्तै, पश्चिममा रहेको लालबकैया, धन्सारलगायत नदीखोलामा पानीको सतह बढ्दै गएको देखिएको कटहरिया नगरपालिका–४ का वडा अध्यक्ष चन्दन कुशवाहले बताए । कुशवाहका अनुसार कटहरिया ४ र ५ सँगै मौलापुर नगरपालिकाका केही वडामा लालबकैया नदीले कटानको जोखिम बढाएको छ ।

अविरल वर्षा अझै केही समय रहने भएकाले बागमती, लालबकैयालगायत नदी खोलामा ठूलो बाढी आउने जोखिम छ । नदी किनारका बासिन्दा अचानक आउने बाढीको जोखिमबाट सचेत रहन आवश्यक रहेको सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताए ।

खासगरी नदी किनारका बासिन्दाले पशुचौपायासँगै ससाना बालबालिकाको निगरानी गर्न आवश्यक रहेको सशस्त्र प्रहरीले जनाएको छ । बागमती र लालबकैया नदीमा पानीको सतह अत्यधिक बढेपछि सशस्त्र प्रहरीले जिलाका विभिन्न गाउँठाउँमा माइकिङ गरेर सचेत गराएको छ ।

स्थानीय बज्जिका भाषा र नेपाली भाषामा जिल्लाको ७ ठाउँमा माइकिङ गरेर नागरिकलाई सचेत गराइएको एसपी हुमागाईंले जानकारी दिए ।

## सहायक चौथो तहका कर्मचारीको विरोध प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आफूहरुसँग विभेद गरेको भन्दै सहायक चौथो तहका कर्मचारी आन्दोलनमा उत्रेका छन् । मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापनपत्र बुझाउँदै आफूहरुले राखेको माग सम्बोधन गर्न माग गरेका छन् । ज्ञापनपत्रमा भनिएको छ, 'मधेश प्रदेश प्रदेशप्रमुखज्यूबाट 'स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन' प्रमाणिकरण भई राजपत्रमा समेत प्रकाशित भइसकेको व्यहोरा अवगतै होला भन्दै ऐन हामी राष्ट्रसेवक कर्मचारीहरुको मनोबल गिराउने गरी ऐन स्वीकृत भएकामा गम्भीर दुःख प्रकट गर्न चाहन्छौँ ।'

प्रदेश सरकारले ल्याएको स्थानीय तह सेवा सञ्चालन ऐन २०८१ मा संघबाट समायोजन भएर आएका र २०७६ लोक सेवा आयोगबाट नियुक्त भएर आएका सहायक चौथो तहको कर्मचारीलाई स्वतः एक तहको बढुवाको व्यवस्था नगरी विभेद गरेको उनीहरुको आरोप छ । बुधबार सहायक चौथो तह कर्मचारी संघर्ष समितिको अगुवाईमा मुख्यमन्त्री कार्यालयअगाडि विरोध प्रदर्शन गर्दै आफूहरुलाई पनि अन्य तह जस्तै नगरे चरणबद्ध रुपमा आन्दोलन जारी राख्ने चेतावनी दिए । सहायक चौथो तह संघर्ष समिति धनुषाका संयोजक ओमनारायण यादवले आफूहरुसँगै २०७६ मा संघीय लोकसेवा आयोगबाट नियुक्त भएका कम्प्युटर अपरेटर र साबिकको जिविसबाट समायोजन भएर आएका कर्मचारीसहित चौथो तहबाहेक अन्य तहलाई स्वतः एक तह बढुवाको व्यवस्था गरेको छ तर आफूहरुसँग विभेद किन गरियो भन्ने उनीहरुको प्रश्न छ । जबसम्म ऐन संशोधन गरी बढुवाको प्रावधान राखिदैँन तबसम्म हाम्रो आन्दोलन जारी रहनेछ ।

उनले जबसम्म आफूहरुको माग पूरा हुँदैन, तबसम्म आफूहरुले दबाब श्रृजना गर्न पेनडाउन, कालोपट्टी बाँधेर विरोध प्रदर्शन, मोटरसाइकल ¬याली, धर्ना र घेराउलगायतका विरोधका कार्यक्रम जारी राख्ने चेतावनी दिएका छन् ।

### विद्यार्थी बाढीमा फसे

सिन्धुलीको दुम्जामा ३१ जना शिक्षिक र विद्यार्थी बाढीमा फसेका छन् । बिहीबार रातिदेखि परेको अविरल वर्षासँगै आएको बाढीका कारण रोशी र सुनकोशी नदीबीचमा ३१ जना शिक्षक र विद्यार्थी फसेका हुन् ।

बाढीमा ३ शिक्षक र २८ विद्यार्थीसहित ३१ जना फसेका जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ । सिन्धुलीको सुनकोशी गाउँपालिका–१ दुम्जामा रहेको कुशेश्वर महादेव गुरुकुलमा अध्ययनरत २८ विद्यार्थी र ३ शिक्षक फसेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मन्दिरको पछाडिबाट बगेको सुनकोशी नदी र अगाडि बगेको रोशी खोलामा बाढी आएपछि शिक्षक र विद्यार्थी फसेको सिन्धुलीका प्रमुख जिल्ला अधिकारी लिला प्रसाद शर्माले जानकारी दिए ।

उनका अनुसार दुईतर्फ खोलाले घेरिएको टापु जस्तै स्थानमा रहेको मन्दिरमा रहेको गुरुकुलमा अध्ययनका लागि बसेका उनीहरू बाढीमा फसेका हुन् । त्यस स्थान सुरक्षित रहेको र उच्च सतर्कताका साथ निगरानीमा राखिएको छ ।

उनले तत्काल उद्धार गर्ने अवस्था नरहेको बताए । शिक्षक र विद्यार्थी मन्दिरमा सुरक्षित रहेको र निरन्तर सम्पर्क भइरहेकाले पानीको सतह बढ्दै गएमा हेलिकोप्टरबाट उद्धार गर्न समन्वय गरिने तयारी छ ।





### भीमफेदी–कुलेखानी–फाखेल सडक सञ्चालन

पहिरोका कारण शुक्रबार बिहानदेखि अवरुद्ध हेटौंडा–कुलेखानी–फाखेल भएर काठमाडौ जाने सडकमा पहिरो पन्छाएर सञ्चालनमा ल्याइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारी अनुसार, हेटौँडा कुलेखानी फाखेल भएर काठमाडौ जाने सडकअन्तर्गत इन्द्रसरोवर गाउँपालिका–२ मा सडकमाथिबाट लेदोसहितको पहिरो जाँदा सडक अवरुद्ध भएको थियो । प्रहरी, सडक डिभिजन कार्यालय र स्थानीय तहसँग समन्वय गरी पहिरो पन्छाएर आवागमन नियमित गरिएको हो । कौरास्थित पहिरो गएपछि भीमफेदी–कुलेखानी–फाखेल हुँदै काठमाडौँ जाने बाटो बन्द भएको थियो । वर्षासँगै आएको पहिरोले सडक खण्ड बन्द भएको हो ।

बाटो बन्द हुँदा प्रहरीले काठमाडौबाट हेटौँडा आउने र हेटौँडाबाट फाखेल हुँदै काठमाडौ जाने सवारीलाई वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरेको थियो । पहिरोका कारण अवरुद्ध कान्तिलोकपथ खण्ड पनि सञ्चालनमा आएको छैन । बिहीबार राति मकवानपुरको बकैया गाउँपालिका–१२ घट्टेपाखामा पहिरो जाँदा सडकखण्ड अवरुद्ध भएको हो । पहिरो पनि हटाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ । हेटौँडाबाट काठमाडौ जोड्ने त्रिभुवन राजपथ, भीमफेदी–कुलेखानी–सिस्नेरी–दक्षिणकाली खण्ड तथा पूर्व–पश्चिम राजमार्गमा भने यातायात सञ्चालन भइरहेका छन् ।

### नारायणगढ–मुग्लिन सडकखण्ड राति बन्द

अविरल वर्षाका कारण हुने सम्भावित जोखिमलाई मध्यनजर गरी नारायणगढ–मुग्लिन सडकखण्ड रातिको समयमा बन्द गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्देशनअनुसार अविरल वर्षाका कारण पहिरो खस्न सक्ने भन्दै सडकखण्ड रात्रिकालीन समयमा बन्द गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख भावेश्वर रिमालले शुक्रबार र शनिबार सडकखण्डमा सवारी सञ्चालनमा रोक लगाइएको जानकारी दिए । उनले बेलुका ७ बजेदेखि बिहान ५ बजेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाइएको बताए । अत्यावश्यक सवारी साधनबाहेक अन्यलाई नारायणगढतर्फ आँपटारी र मुग्लिनतर्फ मुग्लिन बजारमा रोकिने रिमालले जानकारी दिए ।

### नौबिसे–नागढुङ्गा सडक अवरुद्ध

त्रिभुवन राजपथ अन्तर्गत नौबिसे–नागढुङ्गा सडकखण्ड लेदो माटोले अवरुद्ध बनेको छ । धुनिबेँसी नगरपालिका–९ सुरुङमार्ग नजिक सडकमाथिबाट खसेको लेदो माटोले सडक अवरुद्ध बनेको हो । निरन्तरको वर्षातसँगैको लेदोले सडक अवरुद्ध हुँदा सवारीसाधन रोकिएका छन् ।

काठमाडौबाट पूर्व–पश्चिमका लागि छुटेका यात्रु बससहित सबै प्रकारका सवारी सडकमै रोकिएका हुन् । राजमार्गमा लेदो थुप्रिएकाले खुलाउन कठिन भएको ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रहरी निरिक्षक सुरेश्र श्रेष्ठले जानकारी दिए । निरन्तर पानी परिरहेकाले लेदो पन्छाउन कठिनाइ भइरहेको छ ।

बाँकी पृष्ठ २

# २५ हजारको नियमले पर्यटन क्षेत्र प्रभावित




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र भण्डारीले अर्थतन्त्रको मुख्य आधारमध्ये एक पर्यटन भनिरहँदा केही गलत नीतिका कारण मुलुकले सोचेअनुरूप प्रगति हासिल गर्न नसकेको बताएका छन् । 'घुमौँ मधेश, बुझौँ प्रदेश'लगायतका विभिन्न नाराका साथमा प्रदेश राजधानी जनकपुरधाममा ४५ औँ विश्व पर्यटन दिवस समापनमा भण्डारीले यस्तो बताएका हुन् । भारत हुँदै नेपाल आउने पर्यटकलाई अधिकतम २५ हजार भारतीय रुपैयाँ मात्र बोकेर आउने सीमा तोकिदिएका कारण पर्यटक निरुत्साहित भएको भण्डारीले बताए ।

मधेस प्रदेशका राजधानीमा पर्यटन विकास कार्यालय रहेको तर कुनै सिर्जनशील भूमिका निर्वाह नगरेको भन्दै उनले भारतीय पर्यटक आउने मुख्य मार्ग रेल्वे स्टेशनमा 'अतिथि देवो भवः' को बोर्ड समेत नराखिएको बताए । उनले रेल्वे स्टेशनमा राति आन्तरिक तथा बाह्य पर्यटकहरुलाई समेत बस्न नदिइएकामा रेल्वे स्टेशन व्यवस्थापनप्रति खेद व्यक्त गरे । उनले भारतमा रेल्वे स्टेशन २४ घण्टा खुल्ने गरेको र यसबाट नागरिक लाभान्वित भएको बताउँदै रेल्वे वयवस्थापनको ध्यानाकर्षण गराए ।

# उपराष्ट्रपति–जर्मन राजदूत भेट



**मधेशदृष्टि**
**काठमाडौं ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग संघीय गणतन्त्र जर्मनीका राजदूत डा. थोमस प्रिन्जले लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शुक्रबार शिष्टाचार भेट गरेका छन् । भेटमा शुभकामना आदानप्रदानपश्चात द्विपक्षीय सम्बन्ध, विकास सहयोग, लगानी तथा व्यापार, पर्यटनलगायतका विषयमा महत्वपूर्ण छलफल भएको थियो ।

'सन् १९५८ मा दौत्य सम्बन्ध स्थापना भए पश्चात नेपाल र संघीय गणतन्त्र जर्मनीबीच कायम रही आएको मैत्रीपूर्ण सम्बन्ध प्रति खुशी व्यक्त गर्दछु,' उनले भने, 'मित्रता, सौहार्दता र सहयोगमा आधारित संघीय गणतन्त्र जर्मनीसँगको सम्बन्धलाई नेपालले उच्च महत्व दिएको छ । आगामी वर्षहरूमा यी सम्बन्धहरू अझ सुदृढ हुँदै जानेमा विश्वस्त छु ।' उपराष्ट्रपति यादवले उच्च राजनीतिक नेतृत्व तथा कूटनीतिक तहमा भ्रमणको आदानप्रदान तथा संवाद, विकास सहयोग, जनस्तरको सम्बन्ध, लगानी तथा व्यापार, पर्यटन नेपाल–जर्मनी सम्बन्धका आधार स्तम्भ भएको बताए ।

'संघीय गणतन्त्र जर्मनी नेपालको प्रमुख विकास साझेदार हो,' उनले भने, 'नेपालले सामाजिक आर्थिक विकासका सबालमा सन् १९६१ देखि सहायता प्राप्त गर्दै आएको छ ।' उनले दिगो शान्ति, स्थायित्व र विकासको राष्ट्रिय आकांक्षा हासिल गर्न नेपाल प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपालको विकास पथमा मित्रराष्ट्र जर्मनीको निरन्तर साथ र सहयोग रहनेमा आशावादी रहेको बताए ।

'जर्मनीले बहुपक्षीय मञ्चहरुमा अन्तर्राष्ट्रिय मुद्दा जस्तै जलवायु परिवर्तनको क्षेत्रमा निर्वाह गरेको महत्वपूर्ण भूमिकाको नेपाल प्रशंसा गर्दछ,' उपराष्ट्रपति यादवले भने, 'आपसी हितका विषयहरुमा दुईपक्षीय र बहुपक्षीय मञ्चहरुमा हाम्रो सहकार्य निरन्तर कायम रहनेमा हामी आशावादी छौँ ।' उनले सन् २०२६ सम्म नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने र २०३० सम्म मध्यम आय भएको मुलुक हुने लक्ष्य राखेकोमा यसमा जर्मनी लगायत विकास साझेदारहरूबाट ठूलो मात्रामा पूँजी, प्रविधि, लगानी र आर्थिक साझेदारी आवश्यक रहेको बताए । उनले भने, 'संघीय गणतन्त्र जर्मनीको एकता दिवसको अवसरमा म जर्मन सरकार र जनतालाई हार्दिक बधाई व्यक्त गर्दछु ।'

राजदूत डा. थोमस प्रिन्जले नेपाललाई जर्मनीको सहयोग जारी रहने बताए । उनले जर्मन सरकारले नेपालको विद्युत्, बालबालिका र कृषि क्षेत्रका लागि हालै ५१ मिलियन युरो सहयोग गरेको समेत बताए ।

# उखु र दुध किसानको भुक्तानीका लागि रकम निकासा

**काठमाडौं ।**
सरकारले उखु र दुध किसानको बक्यौता रकम भुक्तानीको प्रक्रिया अघि बढाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पहलमा अर्थ मन्त्रालयले शुक्रबार उखु किसानका लागि एक अर्ब ४५ करोड ३२ लाख रुपैयाँ र दुध किसानको भुक्तानीलगायतका लागि ६० करोड रुपैयाँ निकासा गरेको मन्त्रालयले जनाएको छ ।

यसअघि पनि कृषि मन्त्रालयको पहलमा मन्त्रिपरिषद्को बैठकले दूध किसानको रकम भुक्तानीका लागि दुग्ध विकास संस्थान (डिडिसी) लाई रकम ऋण दिने निर्णय गरेको थियो । मन्त्रालयका अनुसार आठ जिल्लाका उखु किसानको गतवर्षको रकम भुक्तानीका लागि जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यलयमार्फत किसानकै बैक खातामा रकम जाने व्यवस्था गरिएको छ । कञ्चनपुर, नवलपरासी पश्चिम, सुनसरी, सिराहा, सर्लाही, महोत्तरी, रौतहट र बाराका उखु किसानले अब सरकारले उपलब्ध गराउँदै आएको गतवर्षको अनुदान रकम पाउने भएका हुन् ।

त्यस्तै लामो समयदेखि दूध बिक्री गरे वापतको रकम पाउन नसकेका दुध किसानलाई पनि सरकारले प्रदान गरको ऋणमार्फत रकम प्रदान गरिने दुग्ध विकास संस्थानका महाप्रबन्धक सूर्यप्रसाद पौडेलले बताए । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीकै पहलमा सरकारले डिडिसीलाई ऋण उपलब्ध गराउने निर्णय गरको हो । उनले उखु किसानको अनुदान रकम भुक्तानीलाई पनि ताकेता गर्नुभएको थियो । मन्त्री अधिकारीले दशैँअघि नै किसानको रकम भुक्तानी गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएका थिए ।

# मखान ब्रान्डिङगका लागि मखान उपहार

**मधेशदृष्टि**
**महोत्तरी ।**
पोषकतत्वले भरिपूर्ण मखान (मखाना) खेतीलाई आधुनिक बनाउन तथा उत्पादनलाई बढाउन महोत्तरी मटिहानीका किसान लागिपरेका छन् ।

मटिहानी नगरपालिकाको वडा नम्बर ६, ७ र ८ मा बसोबास गर्दै आएका मल्लाह (सहनी), साह तथा मुस्लिम परिवार ५० पोखरी ठेक्कामा लिएर मखान खेती गरिरहेका छन् । मटिहानीका दुई दर्जनभन्दा बढी परिवारको पेशा नै मखान खेती रहेको छ ।

मल्लाह जातिको मात्रै पेशाको रुपमा चिनिएको मखान खेतीमा आम्दानी आउन थालेपछि अन्य जातिहरुको पनि सक्रियता बढेको मटिहानीमा मखान खेती गर्दै आएका किसान महेश सहनीले बताए । उनले आफूले २५ देखि ४० टनसम्म मखान उब्जाएको बताउँदै पछिल्लो समय पानीको समस्याको कारणले उत्पादन घटेको जानकारी दिँदै संघ, प्रदेश तथा स्थानीय सरकारले आफूहरुलाई सहयोग गर्नुपर्नेमा जोड दिए ।

महेश टे«डर्स सञ्चालन गरी मखानको बजारीकरण गर्दै आएका महेशले मटिहानीको मखानलाई ब्रान्डिङ गर्न नगरपालिकाले विभिन्न सामग्री वितरण तथा सहयोग गरिरहेको बताउँदै केही दिनअघि मात्रै नगरपालिकाले मखान खेती गर्ने कृषकलाई बोरा, हाते झोला,


मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई मखान उपहार दिनुहुदै मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल ।

त्रिपाल, बोरा सिलाउने मेसिन लगायतका सामग्री वितरण गरेको बताए ।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मटिहानी नगरपालिकामा करिब एक सयको हाराहारीमा पोखरी रहेको र त्यसमध्ये ५० जतिको पोखरीमा मखान खेती हुने गरेको जानकारी दिए ।

उनले यहाँबाट बर्सेनि कम्तिमा ४ सय क्वीन्टल मखान नेपालको विभिन्न शहरमा जाने गरेको बताउँदै मटिहानीको मखान ब्रान्डिङ गर्न यहाँ आउने महानुभावलाई मखान नै उपहार स्वरुप दिने गरिएको बताए । अहिले मखान खेतीलाई आधुनिक बनाउन तथा उत्पादन बढाउन मटिहानी नगरपालिकाको समन्वयमा मिताहारा न्युट्रिसन ललितपुर, महेश टे«डर्स मटिहानी तथा मिथिला मखाना इन्स्टिच्युटले संयुक्त रुपमा कार्यक्रमहरु लागु गरेको छ ।

मिताहारा न्युट्रिसन ललितपुरका कार्यकारी प्रमुख विजयराज पौडेलले महोत्तरी, धनुषा र सप्तरीमा लगभग २ सय ५९ बिघा जमिनमा मखान खेती गरी १ हजार ८ सय ४५ बोरा मखान उत्पादन गरिएको जानकारी दिँदै भारतबाट २१ हजार ६ सय बोरा मखान आयात गरिएको बताए । उनले पुरानै खेती अभ्यास, आधुनिक प्रविधिमा पहुँच नहुनु, सिँचाइ समस्यालगायत खेतीका लागि चुनौतीपूर्ण देखिएको बताउँदै उत्पादकत्व बढाउन हामीहरुले यसक्षेत्रमा कामकाज गर्दै आएको बताउँदै सबैको सहयोग र समन्वयको लागि आग्रह गरे ।

केही दिनअघि मात्रै आयोजना गरिएको 'मधेशमा मखान खेतीको अवस्था र सम्भावना' विषयक कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आवश्यकता धेरै तर उत्पादन कम भएको मखाना खेती गर्न किसानहरुलाई आग्रह गरे । उनले पूजापाठदेखि लिएर हरेक कामकाजमा आवश्यक पर्ने मखान खेती अहिले खेत खेतमा गर्न सकिने भए पनि पानीका कारण उत्पादकत्वमा कमी देखिएको चर्चा गर्दै मखान खेतीलाई सघाउन प्रदेश सरकारले सहयोग गर्ने वचनवद्धता गरे ।

उनले मटिहानी नगरपालिकामा ३० क्वीन्टल भन्दा बढी मखान उत्पादन गर्ने हरि यादव, संजय सहनी, ललन मुखिया र विसुन सहनीलाई प्रशंसापत्र सहित सम्मान समेत गरे ।

# असोजे झरीले देशभरको जनजीवन...

### बिपी राजमार्ग एकतर्फी सञ्चालन

बिहीबार बेलुकादेखि परेको अविरल वर्षाका कारण बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका–७ चारसयबेंसीमा अवरुद्ध भएको सडक एकतर्फी सञ्चालनमा आएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार अविरल वर्षासँगै आएको लेदोसहितको पहिरोले शुक्रबार बिहान आधा घण्टा सडक दुईतर्फी रुपमा अवरुद्ध भएको थियो । अवरुद्ध सडक सञ्चालन गर्न प्रहरी, स्थानीय जनप्रतिनिधि र सडक विभागको प्रतिनिधिको सक्रियतामा एकतर्फी सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । लेदो आउनेक्रम जारी रहेकाले सवारीसाधन नियमित रुपमा सञ्चालन गर्न र सहजीकरणका लागि आवश्यक जनशक्ति खटिरहेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

राप्ती लोकमार्ग अवरुद्ध

निरन्तरको वर्षात्ले राप्ती लोकमार्गअन्तर्गत विभिन्न स्थानमा पहिरो खसेपछि यातायात अवरुद्ध भएको छ । जिल्ला प्रशासन कार्यालय दाङका सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा पुनले पहिरोका कारण तुलसीपुरको राम्रीबाट सल्यानको कपुरकोट खण्डमा सडक अवरुद्ध भएको जानकारी दिए । त्यस स्थानमा सडक मर्मत भइरहेकाले काम प्रभावित बनेको उनले बताए । केही स्थानमा पहिरो खसेको र केही स्थानमा सडक भासिएको पुनले बताए । उनका अनुसार असोज १३ गतेसम्म सडक मर्मत हुने भएकाले तत्काललाई ठूला सवारीसाधन, ट्रिपर र ट्रक सञ्चालनमा रोक लगाइएको छ । साना सवारीसाधन पहिरो पन्छाएर सञ्चालनमा ल्याइने उनले बताए ।

कालीगण्डकी करिडोर अवरुद्ध

भारी वर्षाका कारण राष्ट्रिय गौरवको आयोजनाका कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । कोरिडोरको बागलुङ नगरपालिका–१० दब्ल्याङमा लेदोसहित पहिरो झर्दा कोरिडोर पूर्ण रुपमा बन्द भएको हो । सडकखण्ड दुई महिनादेखि अवरुद्ध भइ बिहीबार मात्रै सञ्चालनमा आएको थियो । तर बिहीबारदेखि नै भारी वर्षा हुँदा करिडोर अवरुद्ध भएको प्रहरी चौकी मालढुङ्गाका प्रमुख भोजबहादुर गुरुङले जानकारी दिए । सडक पूर्णरुपमा बन्द हुँदा बागलुङको दक्षिण क्षेत्रदेखि जिल्ला सदरमुकामको सिधा सम्पर्क विच्छेद भएको उनको भनाइ छ ।

चीन–भारत जोड्ने गरी निर्माण भएको कोरिडोर बर्खाको समयमा बन्द हुने गरेको छ । सडक अवरुद्ध हुँदा बागलुङ बलेवा, जैमिनी, बरेङ सञ्चालन हुने यातायात ठप्प भएका छन् । जसका कारण यात्रु अलपत्र परेको गुरुङले बताए । करिडोर हुँदै बुटवल, भैरहवालगायत तराई क्षेत्रमा सञ्चालन हुने यातायात बर्खा शुरु भएपछि चल्न सकेका छैनन् ।

करिडोरको विकल्पमा दब्ल्याङ–कालाखोला खण्डलाई वैकल्पिक सडकका रुपमा सञ्चालनमा ल्याइए पनि ठूलो वर्षाका कारण यातायातका साधान चल्न सकेका छैनन् । भारी वर्षा भइरहेको हुँदा तत्काल सडक खुलाउन संभवन नभएको बताइएको छ ।

बागलुङ नगरपालिका–१० दब्ल्याङमा पहिरोले सडकको ट्र्याक बगाउँदा साउन ९ गतेदेखि सडक खण्ड पूर्ण रुपमा अवरुद्ध बनेको थियो । शुक्रबारदेखि नियमित यातायातका साधन सञ्चालनमा ल्याइएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले दिए । शुक्रबारदेखि नै पनि करिडोरमा यातायात आवागमन पुनः पहिरोले बन्द भएको छ ।

### बेँसीसहर–चामे सडक अवरुद्ध

मनसुन सक्रिय भएर परेको अविरल वर्षासँगै पहिरो खस्दा चामे–बेँसीसहर सडक अवरुद्ध भएको छ । लमजुङको मर्स्याङ्दी गाउँपालिका–४ काभ्रेभिरमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो । काभ्रेभिरमा पहिरो खस्दा एक मात्र मनाङ आवतजावत गर्ने चामे–बेँसीसहर सडक अवरुद्ध भएको प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यले जानकारी दिए । 'मनाङ पर्यटकीय क्षेत्र भएकाले यतिबेला पर्यटकको बढी आवतजावत हुन्छ तर सडक अवरुद्ध हुँदा स्थानीयका साथै पर्यटकलाई असर गरेको छ,' उनले भने ।

निरन्तर वर्षा भइरहेकाले जिल्लावासीलाई सचेत तथा सजक रहन आग्रह गरिएको आचार्यले बताए । 'मनाङ बाढीपहिराको जोखिमयुक्त क्षेत्र भएकाले सचेत रहन जिल्लावासीलाई आग्रह गरिएको छ,' उनले भने, 'अत्यावश्यक बाहेकका काममा लामो तथा छोटो दुरीको यात्रा नगर्नसमेत आग्रह गरिएको छ ।'

### सबै आन्तरिक उडान स्थगित

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले मौसममा आएको खराबीका कारण शुक्रबार साँझ ७ बजेदेखि शनिबार बिहानसम्मका लागि आन्तरिकतर्फका सबै उडान स्थगित गरेको छ । निरन्तरको वर्षाका कारण भिजिबिलिटी कमजोर हुने भएकाले आन्तरिकतर्फका सबै उडान स्थगित गरिएको क्यानले जनाएको छ ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले शुक्रबार साँझदेखि शनिबार बिहान ६ बजेसम्मका लागि उडान स्थगित गरिएको जानकारी दिए । प्रतिकूल मौसमका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सबै आन्तरिक उडान शनिबार बिहानसम्मका लागि स्थगित भएको जनाएको हो ।विगत १५ घण्टायता निरन्तरको वर्षाका कारण मुलुकको आन्तरिक तथा अन्तर्राष्ट्रियतर्फका हवाई उडान प्रभावित भएका छन् । आन्तरिकतर्फ अधिकांश विमानस्थलमा उडान हुन सकेन भने अन्तर्राष्ट्रिय उडानतर्फ केही विमान लामोसमय होल्ड भएर अवतरण गरेका थिए । क्यानका अनुसार हाल आन्तरिकतर्फ विहान ६ बजेदेखि राति १० बजेसम्म उडान हुँदै आएको छ । यसअघि प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान प्रभावित भएको छ । मौसममा आएको खराबीका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक तथा अन्तर्राष्ट्रिय दुवै उडान प्रभावित भएका विमानस्थल कार्यालयले जनाएको छ ।

काठमाडौ विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार आन्तरिकतर्फ जनकपुर, भैरहवा, नेपालगञ्ज र धनगढी विमानस्थलमा मात्रै उडान भइरहेका छन् । भद्रपुर, सिमरा, भरतपुर, पोखरा र सुर्खेत विमानस्थलमा शुक्रबार कुनै पनि उडान नभएको बताउँदै विराटनगरतर्फ दिउँसो ३ बजेदेखि नियमित उडान भइरहेका उनले जानकारी दिए ।

अन्तर्राष्ट्रियतर्फ पनि दुई विमान करिब एक घण्टा 'होल्ड'मा परेर अवतरण गरेका प्रवक्ता शेर्पाले बताए । भारतको नयाँ दिल्लीबाट काठमाडौ आइरहेको इण्डिको एयरलाइन्सको विमान र थाइल्याण्डको बैंककबाट आएको थाई एयर होल्डमा परेका बताउँदै अन्य अन्तर्राष्ट्रिय उडान पनि केही ढिलाइ (डिले) भएका उनले जानकारी दिए । अन्तर्राट्रिय उडान भने अहिले नियमित भइरहेका छन् ।

लगातारको वर्षाले भिजिबिलिटी कमजोर हुँदा हवाई उडान प्रभावित भएको हो । काठमाडौ विमानस्थलमा 'इन्ट्रमेन्ट फ्लाइट रुल्स' (आइएफआर) उडान मात्रै भइरहेका प्रवक्ता शेर्पाले बताए । मौसम बिग्रिएकाले शुक्रबारका लागि कुनै पनि पर्वतीय उडान (माउन्टेन फ्लाइट) नभएको एयरलाइन्सले जनाएका छन् । देशभर मनसुनी वायुको प्रभाव रहनुका साथै भारतको उत्तरमध्य महाराष्ट्र तथा आसपासको क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको पनि प्रभाव रहेकाले मौसममा बदली हुनुका साथै वर्षा गराएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

### झापामा भारी वर्षा

बिहीबार रातिदेखिको अविरल वर्षाले नदी तथा खोलामा पानीको जलसतह बढ्न थालेको छ । अत्यधिक वर्षा भएपछि स्थानीय प्रशासन सम्भावित क्षति हुनबाट बचाउन तयारी अवस्था रहेको सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले बताए । उनका अनुसार नदी, खोला किनार तथा डुबान हुने स्थानमा निगरानी तथा सतर्कता अपनाइएको छ । 'पानी निरन्तर परिरहेको छ,' उनले भने, 'कन्काई, विरिङ, रतुवा, मेचीलगायतका नदीमा पानीको सतह बढ्दै गएको छ ।' वडादेखि पालिकासम्मका जनप्रतिनिधि नेतृत्वको विपत् प्रतिकार्य टोलीसमेत तयारी अवस्थामा रहेको सहायक प्रजिअ नेपालले बताए ।

कचनकवल गाउँपालिका–२ स्थित अमरखुट्टा खोला तर्ने क्रममा शुक्रबार दिउँसो प्र १–०२–००५ प ६९७८ नम्बर प्लेट भएको मोटरसाइकल खोलाले बगाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए । उनका अनुसार मोटरसाइकल चालक सोही ठाउँका २७ वर्षीय रवीन भट्टराई सकुशल छन् ।

### कुलेखानीको ड्याम भरिनै लाग्यो

अविरल वर्षाका कारण कुलेखानी प्रथम जलविद्युत् केन्द्रको बाँध भरिने अवस्थामा पुगेकाले उच्च सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चितुवालले शुक्रबार साँझ सूचना जारी गर्दै कुलेखानी ड्याम केही घण्टामा भरिने स्थिति देखिएको र बाँधको सुरक्षालाई मध्यनजर गरी ड्यामका ढोका खोल्नुपर्ने देखिएकाले उच्च सतर्कता अपनाउन आग्रह गरेका हुन् ।

कुलेखानी बाँधदेखि तल सिस्नेरी हुँदै बागमती नदी किनारका बस्तीमा एक्कासी बाढी आउनसक्ने देखिएकाले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई उच्च सतर्कता अपनाउनु हुन र प्रतिकार्यमा खटिने सुरक्षाकर्मी एवम् स्वयम्सेवकलाई 'हाइ एलर्ट' रहन चितुवालले आग्रह गरे । मकवानपुर जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित पालिकाका स्थानीय विपद् व्यवस्थापन समितिहरूले तदनुरूप सुरक्षित स्थानको पूर्वतयारी गर्नुहुन समेत अनुरोध गरिएको उनले बताए ।

# नेपालमा रेल्वेको इतिहास र वर्तमान अवस्था

*कुर्थादेखि भारतको जयनगरसम्म ३५ किलोमिटर सडकमा २०७८ चैत २० गतेदेखि रेल सेवा सञ्चालनमा गरिएको थियो । गत असार ३१ गतेदेखि जयनगरदेखि महोत्तरीको भंगहासम्म थप १७ किलोमिटर रेलसेवा विस्तार गरियो । दैनिक तीन हजारभन्दा बढी यात्रुले यात्रा गर्ने नेपालको एकमात्र रेल टिकट बिक्रीको पैसाले मात्रै मुनाफामा जान नसक्ने भने देखिदैनन । रु एक अर्बभन्दा बढीमा खरिद गरिएको डेमो रेलसेवा सञ्चालनमा आएको हो । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित रेलमा हालसम्म पनि भारतीय कर्मचारीले नै काम गरिरहेका बताइएको छ ।*

**वीरेन्द्र रमण**

भारतमा रेल्वेको विकास यति सम्म भएको छ कि अहिले एउटा महत्वपुर्ण यात्राको साधन बनेको छ । खास गरेर भारतमा रेल्वेको संजाल नै निर्माण गरिएको छ । जसले सर्वसधारणहरुलाई एउटा महत्वपूर्ण साधन बनेको छ । सस्तो र आरामदायि सेवा भएको कारणले गर्दा रेल्वे भारतको लागि प्रमुख यातायातको सधान बनेको छ । नेपालमा समेत रेल्वे संचालनको ईतिहास निकै पुरानो रहेको छ । अहिले संचालनमा रहेको रेल्वे पछिल्लो अध्यायको कडिको रुपमा रहेको छ तर त्यो भन्दा पहिला नेपालमा रेल्वे संचालनमा आएको छ । खास गरेर नेपालको खजुरीमा रहेको पुरानो इन्जीनहरुलाई हेर्न हो भने नेपालको रेल्वे इतिहासको विषयमा सानो जानकारी पाउन सकिन्छ । ब्रिटिसले छाडेर गएका गोरखनाथ, पशुपति, महावीर, चन्द्र, सूर्यलगायत यहाँ अहिले १० वटा मात्र स्टिम इन्जिन छन् । तर रेल्वेको ईतिहास जति पुरानो भएपछि यसको ईतिहास लेखनको कार्यहरुलाई व्यवस्थित बनाउने कार्यहरु कहिलेपनि नगरिएको कारणले गर्दा यसको इतिहासको पाटोमा अनुसधन गर्ने अवस्था रहेको छ । २०७८ चैत्र १९ गते भारतको नयाँ दिल्लीस्थित हैदरावाद हाउसबाट तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले एकसाथ हरियो झण्डा उठाएर उद्धाटन गरेपछि जनकपुर–जयनगर रेल सुचारु भयो । जो अहिलेको अवस्थामा संचालन भईरहेको छ । रेल्वे संचालन भएपछि यस भेगमा सर्वसधारणहरुलाई भारतसंग जोडन सजिलो भएपछि सानो दुरीमा संचानलन हुने भएको कारणले यसले घाटा समेत दिने गरेको छ । अर्थात अहिलेको संचालबाट घाटा मात्रै भईरहेको अवस्था छ।



आएको छ । पहिलो चरणमा जयनगरदेखि कुर्था ३५ किलोमिटर र दोस्रो चरणमा कुर्थादेखि महोत्तरीको भङ्गहासम्म १७ किलोमिटर क्षेत्रमा रेल सञ्चालनमा छ । तेस्रो चरणमा भंगहादेखि बर्दिबास १७ किलोमिटरको खण्डमा रेलसेवा विस्तारका लागि पनि काम सुरु भइसकेको छ । भारतीय पक्षबाट प्राविधिक कामहरू भइरहेको हुँदा काम सुरु भएको तीन वर्षभित्रै यस खण्डमा रेलसेवा सञ्चालन हुने प्रतिबद्धता व्यक्त




कुर्थादेखि भारतको जयनगरसम्म ३५ किलोमिटर सडकमा २०७८ चैत २० गतेदेखि रेल सेवा सञ्चालनमा गरिएको थियो । गत असार ३१ गतेदेखि जयनगरदेखि महोत्तरीको भंगहासम्म थप १७ किलोमिटर रेलसेवा विस्तार गरियो । दैनिक तीन हजारभन्दा बढी यात्रुले यात्रा गर्ने नेपालको एकमात्र रेल टिकट बिक्रीको पैसाले मात्रै मुनाफामा जान नसक्ने भने देखिदैनन । रु एक अर्बभन्दा बढीमा खरिद गरिएको डेमो रेलसेवा सञ्चालनमा आएको हो । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित रेलमा हालसम्म पनि भारतीय कर्मचारीले नै काम गरिरहेका बताइएको छ । हाल यहाँ २० कर्मचारी कार्यरत छन् । प्राविधिक कर्मचारी अभावले भारतीय कर्मचारीको भरमा सेवा सञ्चालन भइरहेको कम्पनीले जनाएको छ।

कर्मचारीको तलब भत्ता, रेलको सरसफाइ र मर्मतसम्भारका लागि नेपाल रेल्वेले भारतीय कम्पनीलाई मासिक ७० लाख भारतीय रुपैयाँ बुझाउँदै गरिएको छ । तिनै चरणको काम सम्पन्न भएपछि ६९ किलोमिटरमा रेलसेवा सञ्चालन हुने छ । सन् २०१० मा नेपाल सरकार र भारत सरकारबीच जयनगरदेखि भंगहा, बर्दिबाससम्म रेलसेवा सञ्चालनको सहमति भएको थियो । नेपाल सरकारले जग्गा उपलब्ध गराउने र निर्माणसम्बन्धी सम्पूर्ण कामहरू (ट्र्याक निर्माण, स्टेसन भवन, हल्ट, पुलपुलेसा, खानेपानी, विद्युत्लगायत) का काम भारत सरकारले गर्ने सहमति भएको थियो । जस अनुसार अहिले केही क्षेत्रमा काम सम्पन्न भएपछि संचालन गरिएको छ भने बांकी भुभागमा कामहरु भईरहेको अवस्था छ । जो रेल्वेको वर्तमान अवस्था हो अब रेल्वेको ईतिहासको कुरा गरौ ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरका पालामा नेपालमा खुलेको पहिलो रेल ब्रिटिस भारतको रक्सौलदेखि नेपालको अमलेखगन्जसम्म करिब ३९ किलोमिटरको थियो।

रेलवे नबने पनि ठूलाठूला डोरीजस्ता तारजडित ट्रामवेद्वारा तराई क्षेत्रको काठ भारततर्फ निकासी गरिएको थियो । त्यस्तो लाइन ठोरीदेखि भिक्षाखोरी (अमलेखगन्ज) सम्म थियो।

नेपालको जंगलबाट निकासी भएका ती काठ रेलका स्लिपरका रूपमा प्रथम विश्वयुद्धमा ब्रिटिस सरकारको सहायतार्थ युद्ध क्षेत्र मेसेपोटानियासम्म पु¥याइएको अनुमान छ । सन् १९१८ को मेमा नेपाल सरकारले तराईको जंगलबाट नर्थवेस्टर्न रेलवेका लागि दुई लाख थान रेलवेका स्लिपर उपलब्ध गराएको थियो । त्यस्तै सन् १९२० मा पनि नर्थवेस्टर्नले थप रेलवेका स्लिपर पाउने आशा गरेको थियो । (युनाइटेड प्रोभिन्स गजेट, ८ मे १९२०) नेपालले तराईको जंगलबाट कति काठ ब्रिटिस भारत सरकारलाई निकासी ग¥यो होला भन्ने अनुमान यहीँबाट अनुमान गर्न सकिन्छ।

प्रधानमन्त्री चन्द्रशमशेरले नेपालको वनको काठ निकासी गर्ने ठेक्का ब्रिटिस भारत सरकारको वनसेवाका अधिकारीसमेत रहेका जेभी कोलियरलाई दिएका थिए । कोलियरले सन् १९२३ मा नेपालको काठ भारततर्फ ओसार्न नेपालको जंगलसम्मै न्यारोगेजको रेल निर्माण गरेका थिए। (नेपाल भाग–२, पर्सिभियल ल्यान्डन) काठ ओसार्न पश्चिम नेपालको बर्दियासम्म रेलवे निर्माण गरिएको थियो । रक्सौलमा रहेको भारतीय रेलवे स्टेसन नजिकैसम्म रेल लैजाने नेपालको अनुरोधमा ब्रिटिस भारत सरकारले जमिन उपलब्ध गराएको थियो । त्यस्तै रक्सौलसम्म रेलवे लाइन रहेको बंगाल नर्थवेस्टर्न रेलवेले आफ्नो लाइनसमेत नेपालको रेल नजिकैसम्म विस्तार गरेको थियो।

सन् १९२५ को अक्टोबर तेस्रो सातामा हप्किन्स नेतृत्वको समितिले नेपाल भ्रमण गरेर प्रस्तावित रेल मार्गलाई अन्तिम रूप दिएको थियो । हप्किन्सको प्रतिवेदनअनुसार नेपालले २ फिट ६ इन्चको न्यारोबडी रेलवे निर्माणका लागि प्रतिमाइल लागत सवा एक देखि दुई लाख रुपैयाँसम्म लाग्ने अनुमान गरिएको थियो । त्यसैअनुसार नेपालले ७६२ एमएम न्यारो गेजको रेलवे निर्माण गरेको थियो।

हप्किन्सको प्रतिवेदनलगत्तै रेलवे निर्माणको ठेक्का मिर्स मार्टिन एन्ड कम्पनीले पाएको थियो । रेलवेको ठेक्का उक्त कम्पनीले पाए पनि रेलवे निर्माणमा 'इन्डियन स्टेट रेलवेज' का अधिकारीको प्रतिवेदन र उनीहरूको रायको मुख्य भूमिका रहेको अनुमान गर्न सकिन्छ । ठेक्का पाएलगत्तै सन् १९२६ को मार्चदेखि उक्त कम्पनीले नेपालमा रेलवेको काम तीव्र गतिमा अघि बढाएको थियो । कम्पनीबाट गिरीशचन्द्रलाल चिफ इन्जिनियरका रूपमा खटिएका थिए।

कम्पनीले ठेक्का अवधिको म्यादअगावै रेलवे निर्माण कार्य सम्पन्न गरेको थियो । २४ किलोमिटरको रेलवेमा अमलेखगन्ज, सिमरा, जितपुर, परवानीपुर,



वीरगंज र रक्सौल गरी ६ वटा स्टेसन निर्माण गरिएको थियो । नेपाल गभर्मेन्ट रेलवेको पहिलो यात्रुवाहक रेल वाष्प (स्टिम) इन्जिनबाट सञ्चालन हुन्थ्यो।

यस भेगमा कर्था देखि जनकपुर सम्म रेल्वे संचालन निकै पुरानो थियो । खास गरेर यस रेल्वेको निर्माण समेत काठ ओसार्नकै लागि भएको थियो । किन भने यस भेगमा काठ अत्याधिक थियो र तत्कालिन भारतमा रहेको अंग्रेज सरकारलाई विभिन्न निर्माणको लागि काठको आवशयकता परेको कारणले गर्दा यस रेल्वेको निर्माण समेत काठ ओसार्नको लागि भएको थियो । तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरले वि.सं. १९८४मा जनकपुर–जयनगर रेल सेवा विस्तार गरे । जुन रेल सेवा ५३ कि.मि. आसपास लम्बाई रहेको थियो । त्यो समयमा भारतसँग प्रत्यक्ष सम्पर्कको माध्यम भनेको यहि रेल सेवा रहेको थियो । तत्कालीन राजा त्रिभुवन राजा हुँदाको समय वा वि.सं. २०१३ सम्म भारतसँग प्रत्यक्ष सम्पर्कको माध्यम नै यहि रेल सेवा थियो । वि.सं. १९९९ मा आएको बाढीले विधि पुलमा क्षति गर्दा यो रेल्वेको दुरि घटेर २९ कि.मि. मा सीमित भएको थियो । जयनगर–जनकपुर–बिजलपुरा रेलवे तत्कालीन बेलायती सरकारले नेपाली भूमिबाट जडीबुटी र काठ ओसार्न निर्माण गरेको थियो । उक्त मालवाहक रेलमै कामदार चढ्न डब्बा (बग्गी) पनि बनाइएको थियो । यस क्षेत्रका जंगल मासिएपछि सोही रेल यात्रुवाहक रुपमा सञ्चालन हुन थाल्यो । सुरुमा कोइलाबाट चल्ने उक्त रेलको इन्जिन फेरेर डिजलबाट चल्ने बनाइयो ।अहिले जनकपुर र कुर्था र जयनगरसंग आवतजावत गर्न सर्वसधारणहरुलाई सहज बनाएको छ र तर रेल्वे विगतमा समेत निकै घाटा थियो भने अहिले पनि घाटा नै रहेको छ । रेल्वेलाई नाफामा पुर्याउनको लागि मालवाहक रेल्वे चलाउनुपर्ने एक मात्र विकल्पको रुपमा अगाडि सारिएको अवस्था छ । भारत सरकारले जयनगरमा भन्सारको व्यवस्था गरेर त्यसलाई भारतको विभिन्न सहरसंग व्यापारको लागि जोडने प्रबन्धन गरेको खण्डमा मात्रै रेल्वेको अवस्थामा सुधार आउने छन । होइन भने रेल्वे घाटाको रुपमा नै संचालनमा रहि रहने छन । अहिले रेल्वे सानो दुरीमा नै संचालनमा रहेको कारणले गर्दा फाइदामा पुग्ने अवस्था देखिदैनन । अर्को तर्फ दुई वटा रेल्वे मध्ये एउटालाई पर्यटनसंग जोडन समेत वातावरणको निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । खास गरेर भारतको विभिन्न पर्यटकीय सहरसंग जोडेर भारतले जसरी वर्षमा एक दुई पटक पर्यटक रेल्वे संचालन गरिरहेको छ त्यसैगरि हामीले समेत संचलन गरिएको खण्डमा यसबाट लाभ लिने अवस्था हुन्छ । खास गरेर भारतको प्रमुख धार्मिक सहरहरु,अयोध्याय,वाराणसी सहरसँग तत्कालिन जोडन सकिन्छ । सातामा एक दुई पटक समेत रेल्वे संचालन गर्न सकिन्छ जसबाट रेल्वेको साथ साथै नेपालले पर्यटकीय विकासमा समेत योगदान पुर्याउन सक्छ त्यसकारणले यस तर्फ रेल्वे र सरकारको ध्यान जानुपर्ने आवश्यकता रहेको छ। त्यो भएको खण्डमा रेल्वे फाइदामा मात्रै कि यसले सर्वसधारणहरुको लागि साधन र पर्यटकीय गतिविधिमा योगदान दिने अवस्था आउछ । त्यसकारणले सरकारले यस तर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । त्यो भएको खण्डमा मात्रै रेल्वे फाइदामा जाने अवस्था देखिन्छ।

स्रोत सामग्री

सन्तोष खडेरीः इतिहासमै सीमित बनेको नेपालको पहिलो रेलको कथा

# सन्तान विदेशमा बाबुआमा वृद्धाश्रममा

सुशील दर्लान

नुवाकोटकी सीतामायाको उमेरले ९० काटिसक्यो । यो डाँडामाथिको जुनजस्तै ९० वर्षको उमेरमा सीता मायाको वरिपरि छोराछोरी, नातिनातिना हुनुपर्ने हो । तर आफैँले जन्माएको छोराले आफूलाई वृद्धाश्रममा छोडेर अमेरिकामा रमाइरहेका छन् । 'बुढाको पहिले नै स्वर्गबास भयो, सन्तानका नाममा त्यही एउटा छोरो थियो, त्यही छोराले बुढेसकालमा पाल्ला त नि भनेको उसले पनि मलाई यहाँ आश्रममा छोडेर आफ्नो श्रीमती र छोरो लिएर अमेरिका गाको छ रे', लौरोको साहारा लिइरहेकी सीतामायाले भनिन् ।

सीतामाया वृद्धाश्रममा बस्न थालेको पनि पाँच वर्ष भयो । यसबीचमा आफूलाई वृद्धाश्रममा छोडेर गएपछि एकपटक पनि फर्केर आएनन् सीतामायाका छोरा । छोराले बुहारी र आफ्नो छोरो लिएर अमेरिका गएको कुरा सीतामायाले आफूलाई वृद्धाश्रममा भेट्न आएका गाउँलेको मुखबाट सुनेकी थिइन् । कुन आमाको चाहना हुँदैन र ! जिन्दगीको उत्तरार्द्ध डाँडामाथिको जुनजस्तै भएको बेला सन्तान साथमै नहोस् । आफ्नो ज्यान आफैँलाई भारी भएर घुडाँले बुढो शरीर धान्न नसकेको बेला घर, परिवार, छोराछोरी, नातिनातिना आफन्तको साहरा होस् । तर उनले अहिले वृद्धाश्रममा मृत्यु पर्खेर बसेजस्तै भएको छ ।

सीतामायाको मात्रै होइन, अहिले वृद्धाश्रममा बस्दै आएकी ७८ वर्षीया चन्द्राकुमारीको पनि एउटा छोरा अष्ट्रेलियामा बस्छन् । सिन्धुली घर बताउने चन्द्राकुमारीको अर्को छोरा आफ्नो परिवारसहित भारतमा बस्छन् । चन्द्राकुमारीको श्रीमान्को मृत्युपछि आमालाई कसले पाल्ने भन्नेबारे दुई भाइबीचमा किचलो सुरु भयो । उनी भन्छिन्, 'बुढा बितेपछि सम्पत्तिका लागि दुईभाइ झगडा गर्न थाले, भएको सबै सम्पत्ति आआफ्नो नाममा गरेर एउटा अष्ट्रेलिया गयो, अर्को पनि आफ्ना केटाकेटी लिएर भारततिर गयो, त्यसपछि म बूढीको साहरा कोही नभएपछि गाउँलेकै साथ लाएर वृद्धाश्रममा आएर बसेकी छु ।'

चन्द्राकुमारीलाई कहिलेकाहीँ विरक्त लाग्छ । सन्तान हुनुभन्दा बरु नभएको भए हुन्थियो जस्तो लाग्छ । कहिलेकाहीँ उहाँ आफ्ना विगत सम्झेर रुने गर्छिन् । वृद्धाश्रममा आफूजस्तै अरुहरुके पनि अवस्था देख्दा चित्त बुझाउने गर्छिन् । संसार यस्तै हो, आफ्नो भाग्य जस्तो छ, त्यस्तै भोग्ने हो भनेर चित्त बुझाउछिन् उनी । 'म यता आएर बसेपछि बहिनीको छोराले मैँले पाल्छु भन्दै लिन आएको पनि थियो, म गइन, जब आफैँले नौ÷नौ महिना कोखमा राखेर, जन्माएर, हुर्काएर, पोलनपोषण गरेका आफ्ना छोराले त हेरेनन् भने बहिनीको छोराले म पाल्छु भनेर मात्रै भएन, मलाई पाल्न मसँग पैसा, सम्पति केही पनि छैन, यसलाई पनि किन दुःख दिने भनेर गइन', चन्दाकुमारीले सुनाइन् । सन्तान भएर पनि बुढेसकालमा एक्लो जिन्दगी जिउनु पर्दा साह्रै विरक्त लाग्छ चन्द्राकुमारी जस्ता थुप्रै आमाहरुलाई ।

मानव सेवा आश्रममा आश्रय लिइरहकी ९० वर्षिया लक्ष्मी भट्टको पनि सीतामाया र चन्दाकुमारीको जस्तै मनभरि पीडा छन् । बाबुको मृत्युपछि दुई भाइ छोराले भएको सबै सम्पत्ति कुमल्याए र आमालाई सडकमा वेवारिसे छाडे । बुढेसकालमा आफ्नै छोराहरुको आखाँको कसिङ्गर भएपछि उनी आश्रमको आड लागेको पनि वर्ष दिन भयो । अहिलेसम्म न छोरा न त कोही आफन्त नै खोजी गर्न आए । बुढेसकालमा पाल्ने एक मात्र छोराले सडकमै छाडेपछि टोखास्थित पवित्र समाज सेवा नेपालमा आश्रित हुनु परेको छ ६० वर्षीया सुन्तली आमालाई । उनीको पस्डा पनि आश्रममा रहेका अन्य बृद्धाको भन्दा फरक छैन । पछिल्लो समयमा बुढा भएका आफना बाबुआमालाई बेवारिसे वा वृद्धाश्रममा लगेर छोड्ने र आफू विदेश पलायन हुने संस्कार बढ्दै गएको छ । धेरै आमाहरु सन्तान भएर पनि निभ्ने बेलाको जिन्दगीलाई वृद्धाश्रमको साहारामा जबरजस्त धकेलिरहेका छन् । सन्तान भएर पनि वृद्धाश्रमको आड लिनुपर्ने बाउ (बाबु)हरु पनि उत्तिकै छन् । पशुपति वृद्धाश्रमलगायत देशका विभिन्न स्थानमा आश्रय लिने अधिकांश वृद्धवृद्धाको सन्तान छन्, तर हेर्दैनन् । एकातिर सन्तान भएर पनि आश्रममा आश्रित जीवन बाँच्नु पर्दाको पीडा छ भने अर्कातिर शारीरिक अस्वस्थता, मानसिक तथा मनोवैज्ञानिक पीडा, एक्लोपना उदासिनता र हिनताबोधको पिडा । वृद्धाश्रममा बस्ने अधिकाश वृद्धवृद्धामध्ये धेरैका छोराबुहारी अमेरिका, अष्टेलिया, बेलायतलगायतका मुलुकमा डाक्टर, इन्जिनियर छन् । कतिपय राजनीतिक दलका नेता तथा व्यापारी समेत छन् । तर पनि आफ्ना आमा बाबुलाई वृद्धाश्रममा लगेर धन्काएका छन् ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्ष मदनदास श्रेष्ठले सम्पत्तिका कारण वृद्धवृद्धाहरु बुढेसकालमा आफ्ना सन्तानबाट एक्लिनु परेको बताउँछन् । नयाँ पुस्तामा देखिएको व्यक्तिवादी सोचसँगै मौलाएको एकल परिवार (श्रीमान, श्रीमती, छोरा÷छोरी) को संरचनाभित्र जन्म दिने बाबुआमा नअटाएको देखिन्छ । ज्येष्ठ नागरिक अधिकारकर्मी सीताराम ढकाल सम्पत्ति खाने छोराछोरीले नै आफ्ना बाबुआमालाई पाल्नुपर्ने बाध्यकारी ऐन÷कानून बनाएर व्यावहारिक रुपमा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने तर्क गर्छन् ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा यातायात र स्वास्थ्य उपचारमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिने भनिए पनि त्यसको अहिलेसम्म पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । ज्येष्ठ नागरिक (दलित, महिला, लोपोन्मुख जाति, आदिवासी जनजाति, कर्णालीवासी र एकल महिलाले ६० वर्ष र अन्य ज्येष्ठ नागरिकले ६५ वर्ष पुगेपछि सामाजिक सुरक्षा भत्ता पाउने भनिए पनि नागरिकता नभएका कारण वृद्धाश्रमको आश्रय लिने ज्येष्ठ नागरिक त्यसबाट बञ्चित हुँदै आएका छन् । सर्वोच्च अदालतको २०६७ चैत २४ गतेको फैसलालले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा भाडामा ५० प्रतिशत छुट दिन, सरकारी अस्पतालमा निःशुल्क र निजी अस्पतालमा ५० प्रतिशत छुटलाई कार्यान्वयन गर्न सरकारको नाममा आदेश जारी गरेको थियो । तर त्यसको अहिलेसम्म पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

विसं २०६८ को जनगणनाअनुसार ज्येष्ठ नागरिकको जनसख्या (६० वर्ष पुगेका) २५ लाख अर्थात कुल जनसंख्याको ८.१३ प्रतिशत छ । हाल विश्वमा ६० वर्ष नाघेका ज्येष्ठ नागरिक करिव ८० करोड छन् । यो सख्या सन् २०५० सम्ममा २ अर्ब (दुई अर्ब) नाघ्ने अनुमान गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलयका अनुसार हाल करिब ८० वटा वृद्धाश्रम सञ्चालनमा छन् ।

पछिल्लो समयमा संयुक्त भन्दा पनि एकल परिवारको संस्कृति झन्झन् मौलाइरहेको सन्दर्भमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनी संविधानमा उल्लेख अधिकारका आधारमा जतिसक्दो चाँडो ऐन÷कानून निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

नेपालको संविधान (धारा ४१) मा 'ज्येष्ठ नागरिकको मौलिक हकमा ज्येष्ठ  नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनिएको छ । त्यसैगरी राज्यका नीतिहरु (धारा ५१, (ञ) 'सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति' (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने भनिएको छ ।

ज्येष्ठ नागरिकले विगत लामो समयदेखि स्वास्थ्य उपचार, यातायात भाडामा छूटको व्यवस्था र सिटको व्यवस्थालगायतका माग गर्दै आएका छन् । बजार भाउ र महङ्गीलाई मध्यनजर राखेर ज्येष्ठ नागरिकले पाउँदै भएको वृद्धाभत्ता कम्तिमा पाँच हजार रुपैयाँ पु¥याउनुपर्ने ज्येष्ठ नागरिक महासङ्घको माग छ । २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले एक सय रुपैयाँबाट सुरु गरेको वृद्धाभत्ता स्वास्थ्य उपचार खर्चसहित अहिले दुई हजार रुपैयाँ पुगेको छ । ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई वृद्धभत्ता दिँदै आए पनि ज्येष्ठ नागरिकहरुले ६० वर्षदेखि नै दिनुपर्ने माग समेत गरेका छन् ।

पैतृक सम्पत्तिमा छोराछोरीको हक दाबी नलाग्ने, आमाबाबु जीवित रहुञ्जेल पैतृक सम्पत्ति छोराछोरीको नाममा नामसारी गर्न नपाइने र बाबुआमाका विरुद्धमा कुनै वहानामा उजरी गर्न नपाइने विषयलाई कानूनमा कडाइका साथ उल्लेख गर्नुपर्ने देखिन्छ । कानुनी आधारमा मात्र नभई छोराछोरीलाई आफ्ना बाबु आमाप्रति उत्तरदायी बनाउन सकिएमा यो समस्या धेरै हदशैँम्म कम गर्न सकिन्छ ।



# दशैँ आइसक्यो, रित्तो गोजी, रित्तै छ भकारी, परान खाइसक्यो...

'महँगी बढेर सेक्यो ढाड पनि
गरिबै रुवाउन आउँछन् चाड पनि
रित्तो भकारीकसो गरी उम्काम्ला पाहुनालाई खै के टकारी... ।'

गायिका लक्ष्मी गौतमद्वारा स्वरबद्ध यो गीतले भने झैँ सबैका घरआँगनमा दशैँ उमङ्ग लिएर भित्रिदैन । कसैका लागि दशैँ कहर बनेर आइपुग्छ । कोहीका निमित्त रहर । महँगीको मार खेप्न बाध्य निम्न वर्गीय परिवारको दुःखसाह्रोलाई उक्त गीतले चित्रित गरेको छ ।

गायिका गौतम र गायक विष्णु खत्रीले गाएको दशैँ गीत 'रित्तो भकारी...'ले गरिबी र अभावको दुष्चक्रमा फसेको परिवारका लागि चाडवाड कसरी दशा बनेर आइपुग्छन् भन्ने  देखाउँछ । शब्द, सङ्गीत र अभिनयको जीवन्त प्रस्तुतिले गीत जोकोहीलाई यथार्थपरक बोधगम्य लाग्छ । गीतले भन्छ –

'मन हुन्छ अमिलो खल्ती छाम्दा नि
दुई पैसा कहीँबाट छैन आम्दानी
दशैँ आइसक्यो
रित्तो गोजी, रित्तै छ भकारी
परान खाइसक्यो... ।'

गायक खत्रीलाई दशैँ गीतका पर्याय भन्दा अतियुक्ति नहोला । 'रित्तो भकारी...' उहाँको सत्रौँ दशैँ गीत हो । विसं २०६४ यता खत्रीले सालिन्दा  दशैँ गीत सार्वजनिक गर्दै आउनुभएको छ । उहाँको पहिलो दशैँ गीत 'सुनको जलप...' हो । जुन गीत उबेला चर्चित बनेको थियो । 'यसपालिको दशैँ गीतले देशको वर्तमान अवस्था र नेपाली समाजको मनोदशालाई चित्रित गर्ने प्रयास गरेको छ', उनले भनिन् ।

सत्र वर्षका अन्तरालमा पनि खत्रीका हरेक दशैँ गीतका विषय, अन्तर्य र भावभूमि करिब उस्तै छन् । उहाँका प्रायः गीतमा प्रवासिएका नेपाली र तिनका स्वजनका दुःख–बेदना समेटिएको पाइन्छ । खत्रीका गीतले चाडबाड आएको छनक पनि दिन्छन् ।

मार्मिक सिर्जना र ग्रामीण परिवेशको झ–झल्को खत्रीका दशैँ गीतका विशेषता हुन् । समाजका गम्भीर मुद्दामा सरल र बोधगम्य प्रस्तुति दिन खत्री पारङ्गत हुनुहुन्छ ।

'हरेक सिर्जनामा नेपाली जनजीवन र सामाजिक यथार्थको चित्रण गर्ने इमान्दार प्रयास मबाट हुन्छ', खत्रीले भने, 'दशैँ गीतले मलाई भिन्नै चिनारी दिएको छ, कतिपय स्रोताले त विष्णु खत्रीको गीत आएपछि बल्ल दशैँ आउँछ भनेर रमाइलो ढङ्गले प्रेरित पनि गर्नुहुन्छ ।' दुई दशकदेखि लोकसङ्गीतमा सक्रिय उहाँका दशैँ, तिहार, तीजजस्ता पर्वका मौकामा मौलिक गीत सार्वजनिक हुँदै आएका छन् ।

गत वर्षको दशैँ मा खत्रीले 'दशैँ –तिहार गाउँमा...' ल्याएकी थिइन् । त्यसअघि उनका 'दशैँ–तिहार सँगै मनाउँला...', 'रिनै रिनको...', 'दशैँमा आउ प्यारा...', 'जहाजको टिकट...', 'कति रुनी हो...'लगायत गीत सार्वजनिक भएका थिए । दशैँ गीतमा उहाँले विभिन्न गायिकाहरुसँग सहकार्य गर्दै आउनुभएको छ । प्रायः सबै गीतमा शब्द र सङ्गीत पनि गायक खत्रीकै रहेको छ ।

दशैँको छेकोमा गायक खत्रीसहित कैयन गायकगायिकाका दशैँ गीत युट्युबमा छाइरहेका छन् । कतिपय गीत सार्वजनिक हुने क्रममा छन् । केही दशैँ गीत युट्युब 'ट्रेन्डिङ'समेत उक्लेका छन् । कुनै गीतमा परदेशीका पीडा छचल्किएका छन् भने कुनै गीतमा दशैँ ले गाउँघरमा ल्याउने रौनकको चित्रण छ । गायक पुरुषोत्तम पौडेल र गायिका सुनिता बुढा क्षेत्रीको 'आयो है दशैँ  आयो...' गीतमा दशैँमा गृहथलो फर्किन लागेका परदेशी र उनलाई घरमा पर्खिरहेका स्वजनको सम्वाद छ । परदेशी भन्छन् –

'मनमा खुसी उमङ्ग छाउँदैछु
पाँच वर्षपछि म नेपाल आउँदैछु
आयो है दशैँ आयो
नाच्न र गाउन रमाउन मन लाग्यो... ।'

घरमा रहेकी उनकी जीवनसाथी भन्छिन् –

'भित्ताको पात्रो फेरेको फेरै छु
तिम्रै मूलबाटो हेरेको हेरै छु
आयो है दशैँ आयो
नाच्न र गाउन रमाउन मन लाग्या... ।'

वर्षौँपछि दशैँमा घर फिरेका परदेशीको खुसी एकातिर, अर्कातिर दशैँमा घर आउन नपाएकाको पीडा । गायक ऋषि खड्का र गायिका तुलसी विकको दशैँगीत 'परदेशी हरायो'ले यही भनिरहेको छ । दशैँमा घर आउन नपाउँदा परदेशीको मन यसरी कुँडिन्छ –

'तिम्रो जुनी फेर्नु थ्यो त्यस्तै भो
यो साल पनि आइन घर यस्तै भो
दशैँ आयो तिहारै आयो
परदेशी हरायो... ।'

दशैँका बेला परदेशीको पखाईको पीडा गीतमा यसरी पोखिन्छ –

'प्यारा तिमी हङकङ मलाय
यता घर जमारा पलाए
दशैँ आयो तिहारै आयो.. ।."

गायक हेमन्त शर्मा र गायिका मेलिना राईको 'आउँथ्यो दशैँ आउन त पहिले नि...' गीतलाई पनि दर्शक/स्रोताले रुचाएका छन् । नौ दिनअघि सार्वजनिक उक्त गीतको चलदृश्यलाई युट्युबमा १२ लाखभन्दा बढीपटक हेरिएको छ । युट्युबमा सबैभन्दा धेरै हेरिएकोमध्ये उक्त गीत दोस्रो स्थानमा पर्न सफल भएको छ । गायक ईश्वर सिंह र गायिका सुनिता बुढा क्षेत्रीले दशैँगीत 'हाँसे पुग्छ, बोले पुग्छ...' ल्याउनुभएको छ ।

गायक बसन्त थापा, कुलेन्द्र विश्वकर्मा, पशुपति शर्मा र गायिका समीक्षा अधिकारीले गाएको दशैँगीत 'शुभकामना दशैँको...' केही दिनअघि सार्वजनिक भएको छ । अधिकांश दशैँगीतले आजको नेपाली समाजको मनोदशालाई समेटेका छन् । 'सम्झाना गाउँघर...' गीतमा गायक अमृत बराल र गायिका रञ्जिता विश्वकर्माले झैँ –

'कोही घरदेशमा कोही परदेशमा भइयो टाढा–टाढा
जहाँ छौँ हामी त्यही बसेर मनाऔँ चाडबाड
आइहाल्यो चाडबाडको लर्को
आइहाल्यो सम्झना गाउँघरको... ।'

# किसानलाई बजारसँग जोड्ने नेपाली ढाँचाको 'पैँचो पसल'

रमेश लम्साल

*परम्परामा सीमित भइसकेको वस्तु विनिमय प्रथालाई आधार मान्दै पहाडी ग्रामीण क्षेत्रका जनताको उत्पादनलाई बजारसम्म पुर्याउने र उपयुक्त बजार प्रवर्द्धनको लक्ष्यका साथ सञ्चालित पैँचो पसलले गुल्मीदरबार गाउँपालिका–३ पुर्खेमा करिब एक सय ५० रोपनी र मुसिकोट नगरपालिका–५ आँपचौरमा करिब तीन सय रोपनी जग्गा भाडामा लिएर एकीकृत कृषि फार्म सञ्चालनमा ल्याएको छ ।*

*किसानलाई प्रविधिसँग जोडेर कुन मौसममा के खेती गर्ने, पानी, मल बीउको प्रबन्ध कसरी गर्ने, कुन उपजको मूल्य के–कति छ, कुन समयमा टिप्ने भन्ने कुराको जानकारी दिन सकिने उनको भनाइ छ । पैँचोले किसानसँग एआईको अवधारणासमेत अगाडि सारेको छ ।*

गुल्मी छत्रकोट–१ हुँगाका युवराज पाण्डे बिहान झिसमिसेमै तरकारी सङ्कलन केन्द्रमा पुग्छन् । केन्द्रमा स्थानीय किसानहरू तरकारी लिएर आइपुग्छन् । पाण्डेको बिहान कुन किसानले कुन तरकारी ति परिमाणमा ल्याए ? त्यसको मूल्य कति हो ? निर्धारण गरेर पठाउँदैमा बित्छ । किसानलाई आफूले ल्याएको तरकारीबाट कति कमाइ भयो भन्ने जानकारी घर नपुग्दै मोबाइलमा आइपुग्छ । कति तरकारी बिक्री गरेछु भन्ने हिसाब राख्नै पर्दैन । पाण्डेका अनुसार केन्द्रमा दैनिक औसतमा पाँच क्विन्टल तरकारी आउँछ । सङ्कलन भएका तरकारी लिन केन्द्रमा सवारीसाधन आइपुग्छ । स्थानीय किसानका लागि दैनिक उपभोग्य सामान पनि सङ्कलन केन्द्रमै उपलब्ध हुन्छ । किसानले कति मूल्यको तरकारी बिक्री गरे र त्यहाँबाट कति मूल्यको सामान लिएर गए भन्ने जानकारी पनि मोबाइलमै आउँछ । किसानलाई सामान उपलब्ध गराउँदै उनीहरूको तरकारी खरिदलगायतसम्मको कामको व्यवस्थापन 'पैँचो पसल'ले गरिदिएको छ । आफूअनुकूलको सेवा सहजै प्राप्त हुँदा किसान पनि खुसी छन् । ग्रामीण क्षेत्रमा यो प्रचलन कम हुँदै गए पनि अझै पनि जीवित नै छ । आफूलाई चाहिएको सामग्री एकापसमा सरसापट गरेर लिने र काम चलाउने प्रक्रियालाई पैँचो भनिन्छ । त्यस्तै शैलीमा व्यवसायी धुरव न्यौपानेलगायतले पैँचो पसलको अवधारणा अगाडि सारेका हुन् ।

पाण्डे यो अभियानमा जोडिएको १० वर्ष भयो । गुल्मी छत्रकोटका अगुवा किसानको परिचयसमेत बनाएका पाण्डे आफैँले पनि वार्षिक १० लाख रुपैयाँ बराबरको तरकारी बिक्री गर्छन । उनले १२ रोपनी जग्गामा तरकारीखेती गरेका छन् । गोलभैँडा, भिन्डी, बोडी, रातो मुला, तीतेकरेला बारीमा फलेका छन् । बजारको कुनै चिन्ता छैन । किसानलाई प्रत्यक्ष रूपमा उपभोक्तासँग जोड्ने र सरल मूल्यमा ताजा तरकारी एवं कृषि उपज उपलब्ध गराउने उद्देश्यका साथ सुरु भएको पैँचो पसलको अवधारणा यतिबेला देशव्यापी हुने क्रममा छ ।

सो अवधारणामा जोडिएका किसानलाई मल, बीउको प्रबन्ध गर्नेदेखि कृषि प्राविधिक उपलब्ध गराउने कामसमेत गरिएको छ । किसानले कुनै समस्या परे, पशुचौपायामा कुनै रोगव्याधी लागे प्राविधिक पुग्छन् र समाधानको उपाय सुझाउँछन् । यो अवधारणाबाट लाभान्वित हुनेमा गुल्मीकै सरोज राना पनि छन् । वैदेशिक रोजगारीमा पाएको दुःखकष्ट र हण्डर सबै बिर्सेर आफ्नै थलोमा फर्किएका रानाको दैनिकी यतिबेला तरकारी स्याहार्दै बित्ने गरेको छ । उनले सात रोपनी जग्गामा तरकारीखेती गरेका छन् । 'हामीलाई यसले धेरै फाइदा भएको छ । उत्पादित तरकारी लिन गाउँमै गाडी आइपुग्छ । बिचौलियाले खाइदेला कि, कम मूल्यमा बेच्नुपर्यो कि भन्ने कुनै गुनासो छैन', उनले भने, 'किसानले उत्पादन गरेको हरिया सागसब्जी उपभोक्ताको भान्छामा सहजै पुगेको छ । यो भन्दा खुसीको कुरा अरु के हुनसक्छ र ?'

उनको बारीमा यतिबेला सिमी, गोलभैँडा फलेका छन् । एक हजार बिरुवा सयपत्रीका छन् । तिहारमा सयपत्रीले राम्रो मूल्य पाउने आशामा रहेका राना बन्दा, काउली मुला, गाँजर पनि लगाउने तयारीमा छन् । इत्तेहाद एयरलाइन्सको रोजगारी भनेर साउदी अरब पुगे पनि ठेकेदारको काम गर्दा उचित पारिश्रमिक नपाएपछि घर फर्केर उनले सुरु गरेको तरकारीखेतीले गाउँमै केही गर्न सकिन्छ भन्ने आत्मबल बढाइदिएको छ । केन्द्रमा रानाजस्तै ३० जना किसान परिवारले तरकारी उपलब्ध गराउँछन् । गुल्मी सत्यवतीका लोकबहादुर कुँवर पैँचोको अवधारणा राम्रो भए पनि स्थानीय सङ्कलन केन्द्रका मानिसको व्यवहार किसानमैत्री नभएको गुनासो गर्छन् । समयमा पैसा नपाएको गुनासो गर्ने कुँवरले पनि तरकारी पैँचोलाई नै बिक्री गर्छन् । उनको सुझाव छ, 'किसानले प्राप्त गरेको पैसा सहज रूपमा पाउने वातावरण बनाइदिएहुन्थ्यो भन्ने लाग्छ ।' घरपरिवारलाई चाहिने दाल, चामल तथा अन्य उपभोग्य वस्तु घरमै आइपुग्ने गरेको बताउने कुँवर किसानलाई थप राहत दिनेगरी योजना ल्याउन पैँचोका अभियन्तालाई आग्रह गर्छन् ।

छत्रकोट–४ रुक्सेका रामकृष्ण कँडेलको बारीमा तीते करेला, घिरौला, लौका, सिमी, कागती फलेका छन् । उनी सो गाउँको अगुवा किसानमात्रै नभई सङ्कलन केन्द्रको प्रमुखसमेत हुन् । औसतमा दैनिक सात क्विन्टल बराबरको तरकारी उनको सङ्कलन केन्द्रमा जम्मा हुने गरेको छ । उनी सबै किसानले गाउँघरमै उचित मूल्य पाएको दाबी गर्छन् । कँडेललाई सुरुमा पैँचो पसल अवधारणाप्रति विश्वास लागेको थिएन । उनले भने, 'मलाई सुरुमा यो नहुने कामजस्तो लाग्थ्यो, पछि बुझ्दै जाँदा सहीजस्तो लाग्यो । पछि तरकारीखेती गर्न थालेँ, गाउँमै सङ्कलन केन्द्र पनि स्थापना भयो', उनले भने, 'अहिले सङ्कलन केन्द्रको जिम्मेवारी नै लिएको छु । आफ्नो बारीमा फलेका तरकारी पनि ल्याउँछु । अरु किसानको पनि सङ्कलन गर्छु ।'

हरेक दिन तरकारी जोख्ने, हिसाब राख्ने काम गर्ने गरेको जानकारी दिँदै कँडेलले यो अवधारणाले किसानलाई राहत प्रदान गरेको बताए । किसानले सबै जानकारी मोबाइलमा नै पाउने भएकाले पनि यो प्रणाली पारदर्शी रहेको उनको बुझाइ छ । हरेक तीन महिनामा किसानले आफूले बिक्री गरेको तरकारी र ल्याएको सामानको आफ्नो हिसाब पाउने गरेका छन् । यो सामान्य नियम भए पनि आवश्यक पर्दा किसानले जुनसुकै बेला पैसा पाउँछन् । तरकारी बिक्री गरेको पैसा बचत र किसानलाई राहत होस् भनेर यस्तो अवधारणामा काम गरिएको कँडेलको भनाइ छ ।



'बजारमा एकाध दिन बढी मूल्य पाए पनि किसानले अन्यत्र लैजाँदैनन् । पैँचोले हरेक दिन तरकारीको मूल्य निर्धारण गर्छ । मूल्य निर्धारण गर्ने विधिमा माग र आपूर्तिलाई केन्द्रमा राखेर तथ्याङ्क विश्लेषण गरिन्छ । तय भएको मूल्यका आधारमा किसानलाई उपलब्ध गराइन्छ', उनले भने, 'किसानले पैसा नपाएको भन्ने कुनै जायज गुनासो सुन्नुपरेको छैन ।' उनी आफैँले पनि सुन्तला, कागतीको नर्सरीसमेत बनाएका छन् । त्यसबाट फलफूल खेतीसमेत विस्तार हुँदै गएको छ ।

गुल्मी, अर्घाखाँची, पाल्पा र स्याङ्जाका किसानले उत्पादन गरेको तरकारी, फलफूल, खाद्य उपज पैँचोको आफ्नै बजारमा पुग्छ । रुपन्देही, मणिग्राममा पैँचो बजार सञ्चालनमा छ । यस्तै गुल्मीको रुरुमा प्रशोधन केन्द्र सञ्चालनमा छ । प्रमुख न्यौपानेका अनुसार हरेक दिन १२ बजे अर्को दिनको मूल्य निर्धारण गरिन्छ । 'हामीले विशेष प्रकारको सफ्टवेयर सञ्चालनमा ल्याएका छौँ । त्यसबाट किसानले आफ्नो हिसाब मोबाइलमा नै जानकारी पाउँछन् । कृषि प्राविधिक, पशु प्राविधिक उपलब्ध गराएका छौँ । हामीले किसानलाई केन्द्रमा राखेका छौँ । किसान सबल हुँदै जाँदा हाम्रो व्यवसाय आफैँमा विस्तार हुन्छ ।'

किसानका बारीमा सहजै उपलब्ध रुख कटहरमात्र यस वर्ष एक हजार मेट्रिक टन, एक सय टन काँचो आँप आफूहरूले बिक्री गरेको विवरण सुनाउँदै न्यौपानेले दैनिक दुई टन कागती, खेर जाने केराको बुङ्गोले समेत बजार पाएको उनले बताए । ग्रामीण क्षेत्रमा उत्पादन हुने हरेक कृषि उपजको बजार विस्तार गर्ने लक्ष्यका साथ सुरु भएको पैँचो पसलले आर्थिक वर्ष २०८०/८१ मा मात्र ४५ करोड रुपैयाँ बराबरको कारोबार गरेको छ । चालु आवमा ७५ करोड रुपैयाँ बराबरको कारोबार पुर्याउने लक्ष्य राखेको छ । आगामी आवमा एक अर्ब रुपैयाँ बराबरको कारोबार गर्ने र धेरैभन्दा धेरै किसानलाई जोड्ने योजना अगाडि सारेको प्रमुख न्यौपानेको भनाइ छ । सो संस्थाका कारण ग्रामीण क्षेत्रमा महिला सबैभन्दा बढी लाभान्वित भएको जानकारी दिँदै उनले चार सयभन्दा बढीले त प्रत्यक्ष रोजगारी नै पाएको सुनाए । निकट भविष्यमा साधारण शेयरसमेत बिक्री गरेर धेरैलाई शेयरधनी बनाउने लक्ष्य राखिएको छ । हरेक सहरमा बिक्री केन्द्र खोल्ने, गाउँगाउँमा सङ्कलन केन्द्र स्थापना गरेर किसान र उपभोक्तालाई प्रत्यक्ष जोड्ने योजना अगाडि सारेको जानकारी दिँदै उनले एउटा व्यवस्थित प्रणाली स्थापना गर्न सकिएको खण्डमा देशभित्रको उत्पादनमा नै आत्मनिर्भर बन्न सकिने बताए । विषादी राखिएका विदेशी तरकारी विस्थापन हुने, किसान सक्षम हुने, सहज बजार पाउने भएकाले त्यसमा सरकारको पनि सहयोग हुनुपर्ने उनको भनाइ छ ।

संस्थाका कारण संयुक्त रूपमा काम गर्नुपर्छ भन्ने भावनाको विकास भएको उनको दाबी छ । गुल्मीको पल्लीकोटमा १८ जना महिलाले समूह बनाएर सामूहिक खेती गरेका छन् । त्यसबाट उचित लाभ हासिल गरेका छन् । सरकारले काम गर्ने किसानलाई भन्दा पनि गैरकिसानलाई अनुदान दिएको गुनासो आइरहेको बेला न्यौपाने उत्पादित वस्तु सहज रूपमा बजारमा पुर्याउने वातावरण नबन्दासम्म वास्तविक किसानले राहत नपाउने बताउँछन् ।

स्वदेशमा नै उत्पादित मकै, चुक, आँपको अचार, पिठो, हरियो सागसब्जी, अमला, निगुरो, केराको बुङ्गोजस्ता कृषि उपज स्वदेशी बजारमा अलावा विदेशी बजारमा समेत बिक्री गर्दै आएको छ । यसबाट विदेशी मुद्रा स्वदेशमा भित्र्याउन पनि सहयोग पुगेको उनको भनाइ छ । यस्तै अकबरे खुर्सानी, मरौटी, अमलाले पाएको बजारले असाध्यै खुसी दिएको छ । मरौटी चिकेन त ब्राण्ड नै बनिसकेको छ । पाँचतारे होटलका रूपमा अग्रसर पौवामा मरौटी चिकेनको विशेष 'मेन्यू' नै राखिएको छ । स्थानीय उद्योगले अकबरे खुर्सानी लिने गरेको छ । अमेरिका, जापान, युरोपका विभिन्न देशका अलावा भारतका विभिन्न सहरमा समेत पैँचो उद्योगबाट उत्पादित सामग्री पुगेका छन् । यस्तै तामा, आँप, सुन्तला, हर्रोबर्रोको पनि उचित बजार विस्तार गरिएको छ । गुल्मीको पल्लीकोटका किसानले मात्रै एक करोड रुपैयाँ बराबरको आँप, सुन्तला, हर्रोबर्रो बिक्री गरेको जानकारी दिँदै उनले व्यवस्थित तवरले सात सय ५३ वटै स्थानीय तहमा सङ्कलन केन्द्र स्थापना गर्ने र किसानलाई विश्वास दिलाउने हो भने कृषिबाटै आत्मनिर्भर बन्न सकिने बताए ।

किसानलाई प्रविधिसँग जोडेर कुन मौसममा के खेती गर्ने, पानी, मल बीउको प्रबन्ध कसरी गर्ने, कुन उपजको मूल्य के–कति छ, कुन समयमा टिप्ने भन्ने कुराको जानकारी दिन सकिने उनको भनाइ छ । पैँचोले किसानसँग एआईको अवधारणासमेत अगाडि सारेको छ ।

आगामी १० वर्षभित्र १०० वटा कृषि बजार स्थापना गर्ने लक्ष्य अगाडि सारेको पैँचोले 'किसान कल सेन्टर' पनि सञ्चालन गर्ने तयारी गरेको छ । टेलिफोनबाटै किसानलाई आवश्यक राय, सल्लाह दिने र बजार विस्तार, विविधिकरणमा ध्यान दिन लागेको उहाँले उल्लेख गर्नुभयो । पैँचोको नारा छ 'बसे पनि सहर गाउँकै खाने रहर' । गुल्मीको बलेटक्सार गाउँबाट सुरु गरिएको पैँचो पसल यतिबेला देशभर विस्तारित हुने क्रममा छ । राजधानी काठमाडौँमा समेत पसल सञ्चालनमा ल्याइएको छ । पैँचोका प्रमुख न्यौपानेका अनुसार यो नेपाली ढाँचाको 'चेन मार्केट' हो । यसले किसान र उपभोक्तालाई एकापसमा जोड्छ । गाउँको उत्पादन सरल मूल्यमा उपभोक्ताले पाउँछन् । पहाडी र उच्चपहाडी क्षेत्रमा उत्पादन भएका कषि उत्पादनहरूको बजारीकरण गर्ने उद्देश्यले प्रमुख सहरहरूमा पसलसमेत सञ्चालनमा ल्याइएको उनको भनाइ छ ।

एउटा फरक प्रयोगको रूपमा स्थापित पैँचो पसलले परम्परामा सीमित भइसकेको वस्तु विनिमय प्रथालाई आधार मान्दै पहाडी ग्रामीण क्षेत्रका जनताको उत्पादनलाई बजारसम्म पुर्याउने र उपयुक्त बजार प्रवद्र्धनका लक्ष्य लिएको थियो र त्यो अभियान निरन्तर जारी रहेको जनाएको छ ।

प्रमुख न्यौपानेले भने, 'हामीसँग अहिले हजारौँ किसान प्रत्यक्ष जोडिनुभएको छ । हजारौँ किसान र उपभोक्ता हाम्रो सेवाबाट लाभान्वित हुनुभएको छ । सिधै किसानसँग जोडिएर कृषिमा आधारित उद्योग सञ्चालन गरिएको पैँचो नै नेपालको पहिलो उद्योग हो भन्ने हाम्रो दाबी छ ।' बजारमा गुणस्तरहीन र अखाद्य वस्तुको बिगबिगी छ । तर, पैँचो पसलले पहाड÷उच्चपहाडका किसानले उत्पादन गरेका अग्र्यानिक कृषि उपजलाई प्राथमिकताका साथ बजार व्यवस्थापन गर्ने तथा गुणस्तर परीक्षण गरी उपभोक्तालाई गुणस्तरीय खाद्य वस्तु उपलब्ध गराएको दाबी गरेको छ । यस्तै उपयुक्त बजारको अभावमा खेर गइरहेका गाउँका उत्पादनलाई बजारको पहुँचसम्म पुर्याउने मुख्य उद्देश्य राखिएको छ । विभिन्न स्थानमा पैँचो प्रशोधन उद्योग स्थापना गरेर स्थानीय उत्पादनलाई प्रशोधन गरिरहेको छ । यसबाट थप रोजगारीको अवसरसमेत सृजना भएको छ । स्थापनाकालदेखि नै हातेप्रविधि प्रयोग गरेर अचार, चुक, दाललगायत खाद्य वस्तुको परीक्षण उत्पादन गरी बिक्री गर्दै आएको पैँचो पसलले अत्याधुनिक प्रशोधन कारखानामार्फत खाद्य वस्तु उत्पादन गर्दै आएको छ । यिनै उत्पादित खाद्य वस्तु मुलुकका विभिन्न सहर र विदेशमा समेत निर्यात हुन थालेको छ ।

सो उद्योगबाट अचार, होल क्यान कर्न, आँटो, कोदोको पिठो, गोलभैँडाको केचअप, जाम, विभिन्न प्रकारका जुस र सिन्की तथा मस्यौरा उत्पादन गरेको छ । यस्तै जुम्लाका सिमी, पहाडी जिल्लाका मकैको आँटो (च्याँख्ला) जस्ता पहाडी तथा उच्चपहाडी जिल्लाका खाद्यवस्तु प्याकेजिङ गरी बजारमा पठाएको छ ।

त्यस्तै 'होल क्यान कर्न' नेपालकै पहिलो उत्पादन हो भने मस्यौरा, सिन्की पैँचोले पहिलोपटक व्यावसायिक उत्पादन गरेको जनाएको छ । बजारमा अनेकौँ ब्राण्डका खाद्य पदार्थ रहेकामा अरुभन्दा फरक रहेको पैँचोको दाबी छ । 'फरक यसकारणले छन् कि, हाम्रा सबै उत्पादन निश्चित अल्टिच्युडभन्दा माथिको पहाड र उच्चपहाडी भूभागका कच्चा पदार्थमात्र हामीले प्रयोग गर्ने गरेका छौँ', उनले भने, 'पहाडी क्षेत्र र उच्चपहाडी क्षेत्रमा उत्पादन कम हुन्छ भन्ने भ्रमलाई हामीसँग जोडिएका किसानले तोडिदिएका छन् । किसानको सम्पूर्ण उत्पादन बजारीकरणको ग्यारेन्टी हामीले गरेका छौँ । यसैकारण पहाडमा उत्पादन हुने तर त्यसै खेर गइरहेका खाद्यवस्तु नै हाम्रो प्रशोधन केन्द्रका कच्चा पदार्थ हुन् ।'

बेरोजगारीका कारण हरेक वर्ष लाखौँको संख्यामा विदेशिएका युवालाई स्वरोजगार प्रदान गर्दै विदेशिने बाध्यताबाट रोक्न पैँचो सफल हुँदै गएको दाबी गर्ने न्यौपाने नेपाललाई नारामा कृषि प्रधान देश भनिए पनि उपयुक्त कृषि नीति बन्न नसक्दा वर्षभरि मेहनत गर्ने किसानले प्रतिफल पाउन नसक्दा दुःखमा परेको बताउँछन् । त्यसलाई रोक्न आफूले सानो प्रयास गरेको र क्रमशः सफल हुँदै गएको उनको भनाइ छ ।

किसानको उत्पादन त्यसै सडेर गइरहेको छ भने किसानसँग भण्डारण हुँदासम्म मूल्य नपाउने र भण्डार रित्तिएपछि अरु कसैले मूल्य निर्धारण गर्ने परिपाटी रहिआएकामा त्यसलाई पैँचोले तोडिदिएको उनको दाबी छ । ग्रामीण भेगमा कृषि पेसा अपनाइरहेका किसानलाई उपयुक्त मल, बीउ तथा कृषि सामग्री उपलब्ध गराई कृषि उत्पादन गर्न अभिप्रेरित गर्ने र उनीहरूको उत्पादनलाई उचित मूल्य दिई पैँचोले बजारीकरण गर्दै आएको दाबी छ ।

सहरिया उपभोक्तालाई पहाडी हावापानीमा उत्पादित स्वच्छ, स्वस्थ र अग्र्यानिक तरकारी, फलफूल र खाद्य सामग्रीसमेत पैँचो बजारमार्फत उपलब्ध गराउँदै आइएको छ । गुल्मी, पाल्पा, जुम्ला, रुकुम, कालिकोट, रोल्पा र अर्घाखाँचीमा अहिले पनि ५० बढी सङ्कलन केन्द्र छन् । आगामी दिनमा यो सेवा बागलुङ, पर्वत, स्याङ्जालगायतमा विस्तार गर्ने उद्देश्य छ । पैँचोले विभिन्न प्रयोजनका लागि जेटिए, माटोविज्ञ र पशुविज्ञ यतिबेला पहाडी क्षेत्रमा उत्पादन हुने तरकारी तथा फलफूल र पशुजन्य खाद्य उत्पादन बढाउने सम्बन्धमा किसानका घरघरमा खटाएको छ ।

उत्पादन बढाउने नाममा हाइब्रिड र सुईको प्रयोग गर्ने प्रवृत्तिको अन्त्य गर्ने पैँचोको अभियान हो । आफ्नो स्वास्थ्यभन्दा ठूलो कुरा अरु केही हुन सक्दैन भन्ने मूल मान्यता राखेको पैँचोले कृषि अभियानलाई एउटा नयाँ क्रान्तिको नामसमेत दिएको छ ।

सिद्धार्थ हस्पिटालिटीमा एक दशकभन्दा बढी समय बिताएपछि न्यौपानेले अब गाउँमा केही गर्नुपर्छ भन्ने मान्यताका साथ लागिपरेको बताए । पैँचोको अवधारणा अगाडि बढाउँदा परिवारले समेत राम्रो नमानेको स्मरण गर्दै उहाँले आफूलाई मानसिक रूपमा समस्या परेको बताए ।

सिद्धार्थ हस्पिटालिटीजस्तो स्थापित ब्राण्ड छाडेर पैँचोमा आउन सहज थिएन । तर, आज क्रमशः धेरैले राम्रो मानेको उनको बुझाइ छ ।

परम्परामा सीमित भइसकेको वस्तु विनिमय प्रथालाई आधार मान्दै पहाडी ग्रामीण क्षेत्रका जनताको उत्पादनलाई बजारसम्म पुर्याउने र उपयुक्त बजार प्रवर्द्धनको लक्ष्यका साथ सञ्चालित पैँचो पसलले गुल्मीदरबार गाउँपालिका–३ पुर्खेमा करिब एक सय ५० रोपनी र मुसिकोट नगरपालिका–५ आँपचौरमा करिब तीन सय रोपनी जग्गा भाडामा लिएर एकीकृत कृषि फार्म सञ्चालनमा ल्याएको छ ।

प्रशोधन केन्द्रमा विभिन्न किसिमका जाम, केचअप, अचार, चुक तथा छोप, सोयासस, भिनेगर, आँटो, कोदोको पिठो, फापरको पिठो, सिन्की मस्यौरालगायत ६३ प्रकारका सामान उत्पादन गरी त्यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादन पुगेको छ ।

आगामी दिनमा एकीकृत रूपमा जग्गाको विकास गर्ने र किसानलाई एकीकृत रूपमा ठूलो क्षेत्रफलमा खेती गर्नका लागि अभिप्रेरित गर्ने लक्ष्य राखिएको छ । ठूलो क्षेत्रमा उत्पादन गर्दा उत्पादन लागत घट्ने र रोगब्याधीको आक्रमण पनि सजिलैसँग निवारण गर्न सकिन्छ । केन्द्रीकृत रूपमा काम गर्दा वन्यजन्तुको समेत समस्या समाधान हुने भएकाले किसानलाई थप फाइदा पुग्न जान्छ ।

तत्कालीन कृषि विकासमन्त्री चक्रपाणि खनालले सो कम्पनीको कामलाई सम्मान गर्दै पुरस्कृतसमेत गर्नुभएको स्मरण गर्दै प्रमुख न्यौपाने सरकार र राज्यका तर्फबाट आफूहरूको कामलाई कुनै न कुनै दिन सम्बोधन हुनेमा विश्वास व्यक्त गर्दन् । किसान र उपभोक्तालाई जोड्ने यस प्रकारको अवधारणा अन्य पनि लागू गरिँदा सकारात्मक लाभ हासिल हुने विश्वास गर्न सकिन्छ ।

वैभव मधेशदृष्टि
२०८१ साल असोज १२ गते शनिवार
Saturday 28, September 2024

# यौनः शिक्षा या अश्लीलता ?

सबिता आचार्य / करुणा देवकोटा



यौन भन्नेबित्तिकै तपाईँको दिमागमा के कुरा खेल्छ? या झट्ट तपाईँ के सोच्नुहुन्छ? केही अपवादबाहेक, तपाईँ–हामीमध्ये धेरैको दिमागमा आउने एउटै जवाफ हो, 'अश्लीलता।'

यौन भन्नेबित्तिकै किशोरकिशोरी मात्रै नभएर वयस्क र धेरैजसोलाई जान्न मन लाग्ने, उत्सुकता जगाउने र काउकुती लगाउने विषय हो । तर, यही विषयबारे जानकारी राख्न या आफूलाई लागेको कुरा आफूभन्दा जान्ने व्यक्तिलाई सोध्न हामीलाई लाज लाग्छ । कसैले हामीलाई शरम हराएको व्यक्तिको उपमा दिन्छ कि भनेर डर लाग्छ । यो डर स्वाभाविक पनि हो । किनकि हामीलाई कहिल्यै पनि यौन र प्रजनन स्वास्थ्यबारे कुरा गर्न, यसका समस्याबारे परामर्श लिन सिकाइएकै छैन । बरु त्यसको सट्टा केही समस्या प¥यो भने गुपचुप रहन, कसैलाई आफ्नो समस्याबारे सेयर नगर्न सिकाइएको छ । यौन र प्रजनन स्वास्थ्यको कुरा अझै पनि लाजघिनको विषय करार गरिएको छ ।

केही दिनअघि पाटन अस्पताल अगाडी रहेको एउटा मेडिकल स्टोरमा डाक्टरले सुझाएको औषधि किन्दै गर्दा दुई जना किशोरी त्यही फार्मेसीमा आए । एक अर्कालाई पालैपालो हेर्दै मुखामुख गरिरहेका उनीहरूको अनुहारको भाव पढ्दा लाग्थ्यो, यदि त्यहाँ उनीहरूलाई कसैले देख्यो भने उनीहरूको 'बरबाद' हुन्छ । उनीहरूका आँखा बाटोतिर दौडिरहेका थिए, मेडिकल स्टोरकी सिस्टरसँग कुरा गर्ने बहाना खोजिरहेका थिए ।

यत्तिकैमा अनुहारमा हल्का डन्डिफोर भएकी, गहुँगोरी वर्णकी, १७/१८ वर्षको झैँ देखिने लामो कपाल पालेकी किशोरीले आफ्नो डन्डिफोर भएको अनुहारमा कुन क्रिम लगाउँदा राम्रो होला सिस्टर भन्दै कुराको लय समातिन् । सिस्टरले छालाको डाक्टरसँग परामर्श गरेर क्रिम प्रयोग गर्न सुझाइन् । त्यत्तिकैमा उनीभन्दा अलिक सानीजस्ती देखिने उनकी साथीले पनि डाक्टरसँग परामर्श गर्दा ढुक्क भइने भन्दै परिपक्क विचार व्यक्त गरिन् । यत्तिकैमा सुरुकी किशोरीले हल्का डर र हताश मिसिएको स्वरमा आफू फार्मेसी आउनुको कारण फ्याट्ट बोलिहालिन् । 'बरु सिस्टर मलाई पिरियड (महिनावारी) हुने औषधी दिनुस् न । दुई महिना भइसक्यो पिरियड नभएको ।' उनको कुरा सुनेर फार्मेसीकी सिस्टरले उनलाई केही नबोली एकटकले हेरिरहिन् । अहिले धेरै किशोरी, युवा र महिलामा महिनावारीको समस्या छ । हामी आफैँले पनि यो समस्या भोग्दै आएका छौँ । अहिलेको जीवनशैली र खानपान आदिका कारण महिनावारी हुने जो कोही, अझ भनौँ पाठेघर भएका धेरैको यो साझा समस्या हो । हामीले भोग्दै र देख्दै आएका महिनावारी गडबडीको समस्या यी किशोरीलाई पनि भएछ भन्ने अनुमान गर्न नभ्याउँदै उनले बताएको अर्को कुराले भने हामी अवाक् भयौं । उनी आफू महिनावारी नभएर हैन कि, गर्भवती भएर फार्मेसीसम्म धाएकी रहेछिन् । असुरक्षित यौन सम्पर्कका कारण गर्भवती भएको कुरा 'प्रेग्नेन्सी टेस्ट किट'मा चेक गर्दा थाहा पाएपछि डन्डीफोरमा लगाउने क्रिमको बहाना गर्दै उनी फार्मेसी आएकी रहेछिन् । तर चिकित्सकको 'प्रेस्किप्सन' नभई यस्ता औषधी दिन नमिल्ने फार्मेसीकी सिस्टरले बताइन् र स्वास्थ्य चेकजाँच गरेर प्रेस्किप्सन ल्याउन सुझाइन् । सिस्टरको जवाफले उनलाई डर लागिसकेको कुरा उनको अनुहारको बदलिएको रङ्ले प्रस्ट देखाउँथ्यो । तर पनि उनी अस्पताल गएर चेकजाँच गरी चिकित्सकको प्रेस्किप्सन ल्याउने पक्षमा थिइनन् । बरु उल्टै खुसुरफुसुर गर्दै, आफूसँग आएकी साथीसँग डरको भावमा सोध्दै थिइन, 'कसलाई पो लिएर जाने होला हस्पिटल ? घरमा थाहा भो भने त मार्नुहुन्छ मलाई । उसले नि औषधी किनेर खाऊ भन्छ । के गर्ने यार...टेन्सन भो ।' फार्मेसीकी सिस्टर सायद यस्ता परिस्थितिसँग धेरै जानकार थिइन्, उनीहरूलाई नडराउन सुझाव दिँदै उनले सुरक्षित तरिकाले गर्भपतन गरे स्वास्थ्य समस्या नहुने र सुरक्षित गर्भपतनका लागि धेरै ठाउँमा सहज सेवा उपलब्ध भएको बताइन् ।

यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसँग जोडिएको यो एउटा प्रतिनिधि घटना हो । यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसँग सम्बन्धित 'पडकास्ट' उत्पादनको झन्डै चार वर्षे यात्रामा यस्ता अनेकन् घटना तथा समस्या हामीलाई कहिले श्रोता, कहिले स्वास्थ्यकर्मी त कहिले मनोचिकित्सकहरूले अक्सर सुनाउँछन् । 'गुलाबी संवाद'कै आधिकारिक इमेल तथा सामाजिक सञ्जालको च्याट बक्समा पनि दैनिकजस्ता यस्ता प्रश्न तथा जिज्ञासा हामीलाई प्राप्त हुन्छ ।

किशोरावस्थामै हुने असुरक्षित यौन सम्पर्क, गर्भावस्था, गर्भपतन गर्दा हुनसक्ने जोखिम, गर्भपतन गर्ने तरिका, गर्भवती भएकै कारण प्रेमीले 'ब्रेकअप' दिएपछि भोगिरहेको मानसिक स्वास्थ्य समस्या, आफ्नो पार्टनरसँग यौन सम्पर्क राख्दा हस्तमैथुन गर्दाजस्तो रमाइलो नभएको, गर्भवती नबनाईकनै कसरी गर्लफ्रेन्डसँग यौन सम्पर्क गर्नेजस्ता समस्या तथा जिज्ञासा, समस्या र उत्सुकता हामीले पाएका छौं । प्रायः किशोरावस्थामा रहेका र किशोरावस्था पार गरी युवावस्थामा प्रवेश गरेका व्यक्तिका कुरा हुन् यी ।

त्यसदिन फार्मेसीमा भेटिएका ती किशोरीहरूले त्यस्तै समस्याको समाधान खोज्न सहज, तर असुरक्षित उपायको खोजी गरिरहेको देखेपछि भने हामीले एक अर्कालाई नै प्रश्न ग¥यौँ–आखिर यस्ता समस्या किन हुन्छन् ? यस्ता परिस्थितिका लागि को जिम्मेवार ? कसरी यो समस्याको समाधान वा न्यूनीकरण हुन सक्ला ? के यस्ता समस्या भोगिरहेकाहरूले नै समाधानको उपाय पहिल्याउन सक्लान् त ? तर, होस्टेलबाट डरैडरमा निस्किएका र कसैले देख्छ कि भनेर सर्वत्र नजर डुलाइरहेका ती बहिनीहरूले फार्मेसीकी सिस्टरसँग 'जसरी हुन्छ, गर्भपतनको औषधी दिनुस्' भनेर गरेको अनुनय देखेर भने हामीलाई लागेन, यस्ता समस्या भोगिरहेकाहरूले नै समाधानको उपाय पहिल्याउन सक्लान् । फेरि यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसँग सम्बन्धित समस्या, जिज्ञासा तथा उत्सुकता कुनै निश्चित उमेर समूहको मात्रै भोगाइ वा सरोकारको मुद्दा पनि त होइन । गर्भमा रहेदेखि शुरू हुने यस स्वास्थ्य–अधिकार हरेक उमेर समूहका व्यक्तिले उमेरअनुसार प्राप्त गर्न पाउनु तिनको मानव अधिकार हो । यसका लागि बालबालिका तथा किशोरकिशोरीका हकमा तिनको परिवार, विद्यालय, समुदाय, राज्यको भूमिका र अन्य उमेर समूहका हकमा व्यक्ति

*'यौन' नितान्त व्यक्तिगत कुरा हो भने 'यौन शिक्षा' साझा विषय । यो साझा विषयले यौन शब्दलाई शारीरिक सम्पर्कभन्दा फरक यौन जीवन, यौन क्रियाकलाप, यौनिक पहिचान, यौनसँग सम्बन्धित व्यक्तिको धारणा, आदिबारे उदार र सकारात्मक विचार तथा व्यवहारको निर्माणमा गहन भूमिका खेल्छ । किनकि यौन शिक्षाले आफ्नो यौन जीवनलाई स्वस्थ र सुरक्षित बनाउनुका साथै अरूको यौन अधिकारलाई सम्मान गर्न सिकाउँछ ।*

स्वयमसँगै परिवार, समुदाय र राज्यको समुचित भूमिका बृहत् हुन्छ । त्यसैले पनि बालबालिका तथा किशोरकिशोरीका हकमा उचित यौन शिक्षाको अपरिहार्यता व्यापक छ ।

बालबालिका तथा किशोर किशोरीले अझै पनि आवश्यकताअनुरूप यौन शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । उनीहरू आजको प्रविधिको युगका जुझारु उमेर समूहका व्यक्ति हुन् । उनीहरूमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, इन्टरनेट, आदिको सहज पहुँचमा छन् । आफूलाई चाहिएको जानकारीका लागि किताबका पानादेखि गुगलको सर्चबारसम्म पुग्न ठूलो झन्झट बेहोर्नु पर्दैन । तर पनि तिनै बालबालिका तथा किशोर किशोरीले सही–गलत छुट्याउन नसकेर गलत कदम चालिरहेका थुप्रै उदाहरण समाजमा प्रशस्त भेटिन्छन् ।

यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे विद्यालय स्तरकै पाठ्यक्रममा समावेश नगरिएको होइन । पछिल्ला समय यौन शिक्षाबारे खुलेर पाठ्यक्रमका कुरा पढाउनुपर्छ भन्नेको जमात बढ्दै गए पनि यससँग सम्बन्धित पाठ सकेसम्म पढाउन नपरे हुन्थ्यो भन्ने शिक्षक र मनमा कौतुहलताको पहाड नै खडा भएको भए पनि पढ्न नपरे हुन्थ्यो भन्ने विद्यार्थी अझै पनि भेटिन्छन् । यौनका कौतुहलतालाई लिएर शिक्षकसँग प्रश्न सोध्नभन्दा इन्टरनेटका ब्राउजरमा यौनजन्य सामग्रीको खोजी गर्न उत्साही हुने पुस्ता हुर्किँदो छ । तर, ती सामग्रीको खोजी सही तरिकाले भइरहेको छ कि छैन, इन्टरनेटमा उपलब्ध जानकारी तथ्यपरक हो कि होइनजस्ता प्रश्नबारे पनि उनीहरू अनभिज्ञ छन् ।

अर्कोतर्फ, अझै पनि धेरै अभिभावक तथा परिवारलाई नै पनि आफ्ना बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे जानकारी दिनुपर्छ भन्ने ज्ञानको कमी छ । अभिभावक आफै अग्रसर भएर बालबालिकालाई उमेरअनुसार यौन शिक्षा दिनु त परको कुरा, यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित बच्चाको जिज्ञासालाई लाज र अनावश्यक कुराको संज्ञा दिएर बिच्काउने प्रवृत्ति हाबी छ । उमेरअनुसार यौन शिक्षा दिनुपर्छ भन्ने अभिभावकलाई पनि कसरी त्यस्ता विषयमा छलफल थाल्ने, बाल मनोविज्ञानमा असर नपुग्ने गरी कसरी यौन शिक्षालाई बढावा दिँदै जाने भन्ने ज्ञान कमै छ । सायद, उनीहरू हुर्केबढेको परिवेशमा त्यस्ता कुरा प्राथमिकतामा कहिल्यै नपर्नु यसको कारण हुनसक्छ । तर, त्यस्ता कारणले आजका बालबालिका तथा किशोरकिशोरी पनि अपुरो–अधुरो ज्ञान लिएर अन्योलपूर्ण अवस्थासँग जुध्नु भनेको चाहिँ आउने पुस्तामाझ पनि यौनशिक्षाबारे रहेका अन्योल कायम रहनु हो । आफ्नो बच्चालाई कुन तरिकाले बुझाउँदा तिनको उमेर र बुझाइको क्षमताअनुसार बुझ्न सक्छ भन्ने ख्याल गरेर यौन शिक्षा दिने हो भने पक्कै बालबालिका असुरक्षित रूपमा यौनजन्य क्रियाकलापमा सहभागी हुने थिएनन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गत वर्षको तथ्यांकअनुसार नेपालमा कूल ३७ प्रतिशत किशोरीको १८ वर्ष नपुग्दै र १० प्रतिशतले १५ वर्ष उमेरभित्रै विवाह गर्ने गर्छन् । विवाहका लागि कानूनले तोकेको उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाको १० देखि १८ वर्ष उमेरमा र ७६ प्रतिशतको २० वर्ष उमेरमा विवाह भएको पाइन्छ । यसमा पनि १५ देखि १९ वर्ष उमेर समूहका १४ प्रतिशत किशोरी आमा अथवा गर्भवती भइसकेका हुन्छन् । यसले के देखाउँछ भने बृहत्तर यौनिकता शिक्षाबारे किशोरीहरूलाई बुझाउन, उनीहरूलाई सानै उमेरमा हुने यौन सम्पर्क, त्यसमा पनि असुरक्षित यौन सम्पर्क हुँदा हुन सक्ने जोखिमबारे बुझाउन ढिला भइसकेको छ ।

'यौन' नितान्त व्यक्तिगत कुरा हो भने 'यौन शिक्षा' साझा विषय । यो साझा विषयले यौन शब्दलाई शारीरिक सम्पर्कभन्दा फरक यौन जीवन, यौन क्रियाकलाप, यौनिक पहिचान, यौनसँग सम्बन्धित व्यक्तिको धारणा, आदिबारे उदार र सकारात्मक विचार तथा व्यवहारको निर्माणमा गहन भूमिका खेल्छ । किनकि यौन शिक्षाले आफ्नो यौन जीवनलाई स्वस्थ र सुरक्षित बनाउनुका साथै अरूको यौन अधिकारलाई सम्मान गर्न सिकाउँछ ।

विपरीत लिंगीसँग गरिने यौन सम्पर्कलाई मात्रै यौन बुझ्नु र त्यस्ता क्रियाकलाप गर्न सिकाउनु नै यौन शिक्षा हो भन्ने एकांगी बुझाइ पर्याप्त भेटिन्छ । तर, 'सेम सेक्स म्यारिज'देखि यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिसँगै अन्यको यौनिक, लैंगिक पहिचान र अधिकार, व्यक्तिको प्रजनन स्वास्थ्यको निर्णय र अधिकारसम्म कुरालाई संस्थागत गर्ने सम्मको कुरा यौन शिक्षाले समेट्छ ।

त्यतिमात्रै नभई सानै उमेरदेखि व्यक्तिले भोग्न सक्ने यौन दुर्व्यवहार, गलत छुवाई (ब्याड टच) सँगै बाल्यावस्थाबाट किशोरावस्था प्रवेश गर्दा आउने शारीरिक, मानसिक, भावनात्मक परिवर्तनलाई स्वीकार र अनुभूत गर्न पनि यौन शिक्षा अपरिहार्य छ। स्वर परिवर्तनका कुरा हुन्, शरीर र मन परिवर्तनका कुरा, रहर र रोजाइदेखि महिनावारीमा बग्ने पहिलो रगत, स्वप्नदोषले निम्त्याउने जिज्ञासासँगै हस्तमैथुनले दिने उत्साह र ऊर्जा, यी सबैबारे स्वस्थ ढंगले ज्ञान आर्जन गर्ने माध्यम नै यौन शिक्षा हो ।

बाल्य र किशोरावस्थाका यिनै अनुभूति, भोगाइ र तीनले सिकाउने पाठले नै एउटा व्यक्तिको शारीरिक, मनोवैज्ञानिक, सामाजिक, सांस्कृतिक चेत निर्माण हुन थाल्छ । तर विडम्बना, हामी व्यक्तिको सुन्दर भविष्य निर्माणको जग नै बिर्सेर यौनजस्तो संवेदनशील विषयलाई अश्लीलताको परिभाषाले व्याख्या गर्छौं । अनि यौन शिक्षालाई बेसरोकार र सरमको विषय ठान्छौँ । बृहत्तर यौन शिक्षाले व्यक्तिको सुरक्षित यौन व्यवहारदेखि, यौनजन्य भावना, सम्बन्ध र जिम्मेवारी, यौनजन्य गतिविधि, गर्भ नियन्त्रणको अधिकारदेखि, यौन स्वास्थ्य, प्रजनन स्वास्थ्य अधिकारलगायत बृहत् विषय समेट्छ । तर, शारीरिक सम्पर्कमा मात्र सीमित भएर यौन, यौनिकता र यौन शिक्षालाई हेर्दा मानव विकास र जनस्वास्थ्यको एउटा महत्त्वपूर्ण पक्षलाई हामीले कम आँकिरहेका छौं । त्यसमाथि, सहमतिमा हुने स्वस्थ्य–शारीरिक सम्पर्क आफैमा खराब विषय हो र ?

यौन शिक्षा नहुनुको प्रत्यक्ष नकारात्मक प्रभाव अहिलेको पुस्तामा देखिन्छ, जसले उनीहरूलाई यौन स्वास्थ्य र सम्बन्धहरूबारे सुसूचित हुन र सही–गलत छुट्याउन नसक्ने बनाइदिएको छ । समाजमा विद्यमान सामाजिक रूढिवाद यसको प्रमुख कारक हो । हाम्रा सांस्कृतिक मूल्यमान्यता, यौन शिक्षासम्बन्धी नीति, यौन स्वास्थ्यबारे जकडिएका गलत तथा भ्रामक जानकारी तथा विश्वास आदिले यस्तो परिस्थिति सृजना गरिदिएको हो । यिनै कारण, घरमा होस् वा विद्यालय, यौन शिक्षासम्बन्धी बालबालिका तथा किशोरकिशोरीको बुझाइलाई साँघुरो र हाउगुजी बनाइदिएको छ ।

त्यसैले पनि यौन तथा यौन शिक्षालाई हेर्ने हाम्रो सामाजिक दृष्टि उदार हुनुको विकल्प छैन । यसका लागि यौन शिक्षालाई सामान्यीकरण गर्दै, पाठ्यक्रममा समावेश यौन शिक्षालाई बिना हिचकिचाहट पढ्ने–पढाउने अभ्यासको थालनी विद्यालय तहबाट हुनुपर्छ । परिवारमा नै पनि यौनसँग सम्बन्धित आफ्ना बालबालिकाका प्रश्न तथा जिज्ञासालाई उनीहरूको बाल मनोविज्ञानमा असर नपुग्नेगरी संयमित र सरल रूपले प्रतिक्रिया दिनुपर्छ । त्यसका लागि विभिन्न यौन शिक्षासँग सम्बन्धित पुस्तक, जानकारीमूलक भिडियो तथा कुराकानी प्रभावकारी श्रोत हुन सक्छन् । त्यसबाहेक, सरकार र विभिन्न गैरसरकारी संस्थाले यौन स्वास्थ्य समस्याबारे जनतालाई शिक्षित गर्ने उद्देश्यले जनस्वास्थ्य अभियान सञ्चालन गर्ने, अभिभावक तथा हेरचाहकर्ताले यौन सम्बन्धबारे पारिवारिक छलफलका माध्यमबाट व्यक्तिको बुझाइ र यौनप्रतिको दृष्टिकोणलाई सामान्यीकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। यसो हुन सक्दा बालबालिका र किशोर किशोरीले आफूलाई असुरक्षित यौन तथा यौनजन्य व्यवहारबाट जोगाउन सक्छन् ।

(लेखकहरू यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका विषयमा बहस गर्ने पडकास्ट 'गुलाबी संवाद'का निर्माता तथा प्रस्तोता हुन् ।) उकालो



**वर्षाका कारण जनजीवन प्रभावित:** लगातार वर्षाका कारण प्रभावित सर्लाहीको सदरमुकाम मलङ्गवा । आज मुलुकका अधिकांश भागमा साधारणतया बदलीदेखि पूर्णतया बदली रहेको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# स्वामित्व विवादले गौशालाको अस्तित्व सङ्कटमा

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको गौशाला नगरपालिकास्थित गौशालाको अस्तित्व स्वामित्व विवादले सङ्कटमा परेको छ । विसं १९८३ मा भारतको दरभङ्गास्थित महाराजाले हिन्दू र हिन्दूत्वको रक्षा गर्ने हेतुले गौशाला स्थापना गरेका थिए । राष्ट्रिय जनावर गाई सेवा तथा संरक्षणका लागि विहारको तत्कालीन प्रान्त सरकार दरभङ्गाका महाराजले नेपाललाई गौशाला उपहार दिएका थिए । त्यतिबेला दुई सय बिघा जग्गा खरिद गर्दै दरभङ्गा महाराजले एक हजार पाँच सय दूधालु गाई राखेर गौशाला नगरपालिका– ३ स्थित निगौल गाउँमा गौशाला स्थापना गरेका थिए । पछि त्यसको देखरेख, व्यवस्थापन र सञ्चालनको जिम्मेवारी अञ्चलाधीश हुँदै प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरिएको थियो । तर उनीहरुले विभिन्न कारणवश गौशालामा रहेका गाईको उचित रेखदेख, व्यवस्थापन र सञ्चालन गर्न नसकेपछि गौशालामा रहेको गाईको अवस्था दयनीय बन्यो ।

९५ वर्ष पुरानो सरकारी स्वामित्वको गौशाला अहिले सरकारी बेवास्ता, राजनीतिक दोहन र स्वामित्वको खिचातानीले लथालिङ्ग बनेको छ । गौशालामा उन्नत र स्थानीय जातका गाईका लागि सुविधायुक्त छुट्टाछुट्टै गोठ छन् । २० बिघा जग्गामा हरियो घाँस रोपिएको छ भने गोदाममा भुसा, पराल र अन्य आहारा पर्याप्त छन् । विगत १३ वर्षदेखि उक्त गौशाला राष्ट्रिय सहकारी विकास बोर्ड अन्तर्गत सञ्चालनमा छ । तर गौशालाका



गाईको उचित रेखदेख, पौष्टिक आहार र उपचार हुन सकेको छैन ।
सहकारी बोर्डलाई गौशाला हस्तान्तरण गरेको १३ वर्ष भए पनि खासै सुधार हुन नसकेको हो । यसैबीच गौशाला नगरपालिकाले गौशाला आफ्नो स्वामित्वमा ल्याउन प्रयास गरिरहेको छ । गाई पालनका लागि पर्याप्त भौतिक संरचना र जनशक्ति भए पनि लगानी अनुसार दूध उत्पादन र आम्दानी हुनसकेको छैन । कर्मचारी, गोठाला, घाँस काट्ने मजदुर, गाईको आहार, औषधि उपचार, घाँसखेतीमा हुने लगानी अनुसार आम्दानी नहुँदा गौशालालाई बर्सेनि ऋणको भार थपिएको छ । गौशालाको स्वामित्वमा एक सय ४८ बिघा जग्गा छ ।
त्यसमध्ये ८७ बिघा दुई कट्ठा भाडामा लगाइएको छ ।
२० बिघा घाँसखेतीका लागि राखिएको छ । नौ बिघामा पोखरी र १० बिघामा बगँचा छ । १० बिघा क्षेत्रफलमा कार्यालय परिसर र दुई बिघामा पुरानो गोठ फैलिएको छ । गौशालाको दुई बिघामा पशु हाटबजार लाग्दै आएको छ । यसैबीच गौशालाको कार्यालय परिसर, बजार र भाडामा लागेको जग्गा चौतर्फी अतिक्रमणको चपेटमा परेको छ । पर्याप्त जग्गा हुँदाहुँदै पनि घाँस र अन्य बाली व्यवस्थित रूपले लगाउन नसक्दा गाईलाई आहाराको अभाव छ ।

गौशालाका निमित्त कार्यालय प्रमुख वीरबहादुर चौधरीले गौशाला व्यवस्थापन भन्दा आफू अनुकुलका कर्मचारी भर्ना गरी जग्गा कब्जा, पोखरी तथा बगैँचा ठेक्कामा चलखेल, पशु बजार ठेक्काबाट लाभ लिन राजनीतिक दल र जनप्रतिनिधिबाट दोहन हुने गरेको आरोप लगाए । उनले गौशालाको खेतीयोग्य ८७ बिघा जग्गा यहाँका अगुवा नेताहरूले आफू अनुकुलका कार्यकर्तालाई बाँडेको, बजार क्षेत्रको गौशालाको जग्गामा राजनीतिक दलकै संरक्षणमा पक्की घर बनाएर जग्गा अतिक्रमण गरेको जानकारी दिए । गौशालाको जग्गा, पोखरी, बगैँचा र घर भाडामा लिएर पनि राजनीतिक संरक्षण पाएर लामो समयदेखि पैसा नतिरेको प्रष्ट्याए ।

सोही कारण गाईलाई पौष्टिक आहार तथा दाना खुवाउनसमेत समस्या भएको निमित्त प्रमुख चौधरीले बताए । गौशालाकै जग्गामा परापूर्वकालदेखि लाग्दै आएको पशुहाट लगाइने ठेक्काको २५ प्रतिशत रकम गाई गौशालाले पाउनुपर्ने सहमति भए पनि गौशाला नगरपालिकाले रकम दिन आनाकानी गर्दै आएको छ ।

गौशालाको जग्गा दिनानुदिन अतिक्रमणको चपेटमा पर्दै गएकोमा नगरपालिकाबाट अतिक्रमण रोक्न पहल हुनपर्नेमा उल्टै राजनीतिक तहबाटै अतिक्रमण गर्नेहरू संरक्षित भइरहेको दुखेसो निमित्त कार्यालय प्रमुख चौधरीको छ ।

# पकाहा मैनपुरका लागि ३९ करोड बढीको बजेट पारित




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकाहा मैनपुर गाँउपालिकाको १२ औं गाँउ सभा नीति तथा कार्यक्रम शुक्रबार सम्पन्न भएको छ । गाउँपालिकाको, सभा हलमा भएको गाँउसभामा गाँउपालिका उपाध्यक्ष सर्फुनेशा खातुनको आदेशा अनुसार प्रमुख प्रसाशकिय अधिकृत देवनाथ साहले आगामी आर्थिक वर्ष २०८१÷८२ को लागि ३९ करोड ३९ लाख रुपैयाँ बराबरको अनुमानित बजेट पारित गरि प्रस्तुत गरेका थिए । गाँउपालिका अध्यक्ष सुरेश मेहताले नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र भौतिक पूर्वाधारको क्षेत्र मुख्य प्राथमिकतामा राखिएको बताए । राजनीतिक समस्याका कारण गाउँ सभामा ढिलाए भएपनि गाउँ सभा ढिलो आयो तर दुरुस्त आयो । जनताहरुलाई दिएको बच्चा हामी सबै जनप्रतिनिधिहरु मिलेर पूरा गर्नुमा जोड दिएका थिए । गाँउपालिका अध्यक्ष मेहताको अध्यक्षतामा भएको गाउँ सभा, नीति तथा कार्यक्रममा पूर्व गाविस अध्यक्ष नसुरलाह मियाँ, नेपाली काँग्रेसका नेता हरि चौहान, लक्ष्मण प्रसाद कुर्मी, वडाअध्यक्ष बिनोद मेहता, बलिराम चौरसिया, ढेरी प्रसाद यादव, संजय चौहान, मुकुट चौहान, कार्यपालिका रामबहादुर सोनार, नेकमहमद मियाँ लगायतले गाउँ सभा नीति तथा कार्यक्रमको शुभकामना मन्तब्य व्यक्त गरेका थिए । गाउँ सभामा कार्यपालिका सदस्य, महिला सदस्य, पुरुष सदस्य, गाउँपालिका कर्मचारी संतोष सराफ, स्वास्थ्य प्रमुख सदाम हुसेन, कर्मचरी, शिक्षक ,पत्रकार, सुरक्षाकर्मी, बुद्धिजीवी लगायतको सहभागिता रहेको थियो ।

# वृद्धको करेन्ट लागेर मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनीगाउँपालिकाको वडा नम्बर १ सुखवनियामा ६३ वर्षिय बृद्ध विश्वनाथ चौधरीको करेन्ट लागेर मृत्यु भएको छ । गएराति ९ बजेतिर आफनै घरमा बल्ब बाल्नका लागि चिसो हातले स्वीचथिच्ने क्रममानाङ्गो तार अचानक छुन पुग्दाचौधरीलाई करेन्ट लागेको थियो । करेन्ट लागेर बेहोश भएका चौधरीलाई राति नै उपचारका लागि वीरगन्ज स्थित नारायणी अस्पतालमा ल्याइएकोमा चिकित्सकले उनलाई मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । चौधरीको शव आज नारायणी अस्पतालमै पोष्टमार्टम गरेर परिवारजनको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

# भन्सार छलिका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल प्र.सी.सु. गुल्म वीरगंजबाट स.प्र.ना.उ. नरेन्द्र सिंह धामीको कमाण्डमा खटिएको टोली र वीरगंज भन्सार कार्यालयबाट खटिएको संयुक्त टोलिले बिहीबार राति १८ लाख बढीको भन्सार छलिको सामान बरामद गरेको छ ।
बिषेश सूचनाको आधारमा जिल्ला पर्सा वीरगंज म.न.पा.–१२ मुर्ली स्थित भारतबाट अबैध रुपमा भन्सार छलि खुर्सेद अंसारीको घरको पछाडी कोठामा लुकाई छिपाई गोदाम गरी राखेको १६ लाख २५ हजार ४ सय रुपैयाँ बराबरको विभिन्न ब्राण्डको चक्लेट, फेबिक्कि र दाँतमाझ्ने ब्रस बरामद गरी आवश्यक कारवाहीका लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको छ ।
यसैबीच शुक्रबार सशस्त्र प्रहरीले वीरगंज– २५ चण्डाल चोकबाट भारतबाट अबैध रुपमा भन्सार छली ल्याइएको ८६ हजार २ सय रुपैयाँ बराबरको कपडा, किराना सामान बरामद गरि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको छ ।

# गौरबाट भारतीय किशोरीको उद्धार

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लास्थित सशस्त्र प्रहरीको टोली र एक गैरसरकारी संस्थाले एकजना भारतीय किशोरीलाई सदरमुकाम गौरबाट उद्धार गरेको छ ।
सशस्त्र प्रहरी बल प्रस्तावित सीमा सुरक्षा गुल्म भन्सार छेउ गौरबाट असई फडिन्द्र बहादुर कार्कीको कमाण्डमा गएको टोली र आशिष सामाजिक सेवा नेपालकी सुनिता चौधरीको नेतृत्वमा गएको समूहले उक्त भारतीय किशोरीलाई शुक्रबार एक्लै हिडिरहेको हेरेर शंका लागेर सोधबुझ गरेको थियो । सोधबुझको क्रममा भारत बिहार सीतामढी जिल्ला डुमरा ६ विशुनपुरका लक्षमण राय यादवको छोरी १५ बर्षिया गुडिया कुमारी रहेको र घरमा कसैलाई पनि खबर नगरी आएको बताएकी थिइन् । एक्लै हिँडेको भारतीय किशोरी मानव बेचबिखनमा पर्नसक्ने हेरेर सशस्त्र प्रहरी गुल्ममा राखेर सीमावर्ती भारत बैरगनिया थानाकी सई मनिता कुमारीलाई बोलाई सबैको रोहवरमा कागज गराई जिम्मामा पठाईएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताएका छन् । पछिल्लो समय रौतहट स्थित सशस्त्र प्रहरी सामाजिक कार्यमा निकै सक्रियता देखाएको छ ।

# गुणस्तरीय सेवा प्रवाह गर्ने प्रतिवद्धता




**मधेशदृष्टि**
**वीरगंज ।**
आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत टिकाराम चौलागाईले कार्यालयमा कर्मचारीको संख्या कम भए पनि सेवाग्राहीहरुलाई छिटो, छरितो एवम् गुणस्तरीय सेवा प्रवाह गर्ने बताएका छन् । वीरगंज उद्योग वाणिज्य संघले आयोजना गरेको एक कार्यक्रममा बोल्दै आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत चौलागाईले विद्यमान कर सम्बन्धी ऐन कानूनमा प्रमुख कर अधिकृतलाई आफ्नो विवेक लगाउने तजबिज नरहेको बताए । उनले कर सम्बन्धी शिक्षाको अभावमा करदाताहरुले जरिवाना तिर्नुपर्ने बाध्यता रहेकोले कर सम्बन्धी प्रशिक्षण कार्यक्रमलाई प्राथमिकतामा राखी अगाडी बढाउने बताए । वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले संघको ऐतिहासिक पृष्ठभूमि, यस क्षेत्रको बढ्दो आर्थिक महत्व र बोकेको अपार सम्भावना ब्यक्त गर्दै यस क्षेत्रका सामु रहेको चुनौती तथा उद्योगी व्यवसायीहरुले भोगिरहेको समस्याहरुका बारे जानकारी गराए । उनले निजी क्षेत्रमैत्री कर प्रशासन ल्याउनुपर्ने, करको दर नबढाई करको दायरा बढाउनुपर्ने लगायतको सुझाव दिएका थिए ।
कार्यक्रममा उपाध्यक्षद्वय माधव राजपाल मनोज दास, महासचिव आशीष लाठ, कोषाध्यक्ष शिवजी प्रसाद कलवार, सहकोषाध्यक्ष अनोज रुँगटा लगायत संघका कार्यसमिति सदस्य तथा उद्योगी व्यवसायीहरुको वृहत उपस्थिति रहेको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष हरि गौतमले गरेका थिए ।

# टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु



**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको हरिवनमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।
हरिवन नगरपालिका–११, बासाटोल स्थित चिनीमिल अगाडि भएको दुर्घटनामा मोटरसाइकल चालक हरिवन–७, घर भएका ४२ वर्षीय दीपक अधिकारीको मृत्यु भएको हो ।
बागमती प्रदेश ०२–०३७ प ४४०१ नम्बरको मोटरसाइकलमा सवार अधिकारीलाई शुक्रबार दिउँसो ३ बजेतिर हरिवनबाट नवलपुरतर्फ आइरहेको प्रदेश २–०३–००१ क ११३७ नम्बरको टिपरले ठक्कर दिएको थियो । अधिकारीको घटनास्थलमै मृत्यु भएको स्थानीय पत्रकार मुकेश कुमार झाले जनाएको छ । उनी सवार मोटरसाइकल क्षतिग्रस्त छ । मोटरसाइकललाई ठक्कर दिने टिपर र चालक नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।



**सञ्चार क्षेत्रबारे छलफल:** त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख प्रा. डा. कुन्दन अर्याल र आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव आमसञ्चार र पत्रकारिताको वर्तमान अवस्था तथा आगामी भविष्यबारे छलफल गर्दै ।

# नेताहरु शासक बनेका छन्: प्रवक्ता साह



**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली जनतालाई अलमलमा पार्ने छद्मभेषी नेताहरूको अब भण्डाफोर गर्नुपर्ने तर्क आम जनता पार्टीका प्रवक्ता चन्द्र भुषण साहले गरेका छन् । उनले भने, ‘अहिले देशको समग्र व्यवस्था र अवस्था छद्मभेषको सिकार भएका छन् । रूप पक्ष र सार पक्ष, भनाई र गराई (कथनी–करणी)मा आज व्यापक भिन्नता आएको छ । जसले गर्दा आम सर्वसाधारण जनतालाई सही र गलत छुट्याउन गाह्रो भएको छ ।

नेताहरूको झुठा आश्वासन र आडम्बरी आवरणले गर्दा जनता अलमल एवम् कन्फ्युज भएका छन् । स्थानीयदेखि लिएर प्रदेश र सघ सरकार सबैतिर तलदेखि माथिसम्म जताततै घुस, कमिसन, भागवण्डा एवम् भ्रष्टाचार मौलाएको छ ।
जनप्रतिनिधिहरु सेवक बन्नुको सट्टा शासक/शोसक बनेका छन् ।’

प्रवक्ता साहले आफ्नो गृह नगरलाई समेत लक्षित गर्दै भने, ‘भ्रष्ट, चोर, ठग, फटाहा, टोले डन–गुन्डा र डकैत लुटेराहरुले नै शासन गर्ने हो भने नाम मात्र भगवानपुर, ईश्वरपुर, ईस्लामपुर वा भक्तिपुर नै राखेर के नै गर्न सकिन्छ र ! खैर स्मरण र हेक्का रहोस् सबै गेरुआ÷भगवा वस्त्र धारी ऋषिमुनि र साधु मात्र हुदैनन्, कोहि कोहि त साधुको भेषमा सीता हरण गर्ने छद्मभेषी रावण पनि हुनसक्छ र हुन्छ पनि, ठीक त्यसै प्रकार कथित समाजसेवी र भलादमीको आवरणमा कोहि कोहि तपाई हाम्रो सुन्दर वर्तमान र बालबच्चाको स्वर्णिम भविष्यको सौदागर पनि हुनसक्छ । त्यसैले पनि यस विषम परिस्थितितर्फ तपाई हामी सबैको समयमै ध्यान केन्द्रित हुन जरुरी छ ।’

# पर्यटन दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
औद्योगिक तथा व्यापारिक नगरीको पहिचान बनाएको वीरगंजमा ४५औँ अन्तर्राष्ट्रिय पर्यटन दिवस मनाइएको छ । वीरगंजका होटल तथा पर्यटन व्यवसायीले शुक्रबार वीरगंज भन्सार नाका हुँदै जनकपुरधाम र पशुपतिनाथ दर्शन गर्न आएका भारतीय पर्यटकलाई वीरगंजको शङ्कराचार्य गेटमा भव्य स्वागत गरेर दिवस मनाएका हुन् । होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तले ४५औँ अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसरमा वीरगंजको शङ्कराचार्य गेटमा एक विशेष कार्यक्रम गरेर भारतीय पर्यटकलाई भव्य स्वागत गरिएको बताए । ‘वीरगंज औँद्योगिक र व्यापारिक नगरीको साथसाथै धार्मिक पर्यटनको उच्च सम्भावना भए पनि पर्यटन क्षेत्रले आशातित् विकास हुने अवसर पाएको छैन,’ उनले भने, ‘वीरगंजमा चारवटा तारेहोटसहित ८५ भन्दा धेरै होटल रहेका छन् । तर, वीरगंजमा अपेक्षाकृत ढङ्गले पर्यटकको बसाइ बढाउनेतर्फ अग्रसर हुनुपर्ने बेला भइसकेको छ ।’ वीरगंजमा भारतीय तथा अन्य मुलुकका पर्यटकलाई लक्षित गरेर क्यासिनोसहितका सुविधासम्पन्न तारेहोटल पनि सञ्चालनमा रहेका छन् । वीरगंज भन्सार नाका हुँदै भारतीय पर्यटकहरु पशुपतिनाथ, जनकपुर, गढिमाई र मुक्तिनाथ लगायतका धार्मिकस्थलमा जाने गरेका छन् । ‘हामीले वीरगंजको पर्यटन क्षेत्रको प्रवद्र्धन र सम्वद्र्धनका लागि विभिन्न पर्यटकीय गतिविधि गर्दै आइरहेका छौँ’ उनले भने, ‘सरकारले पनि आवश्यक पर्यटकीय क्षेत्रको प्रवद्र्धनात्मक कार्यक्रममा सहयोग गर्न आवश्यक भइसकेको छ ।’ अध्यक्ष पन्तले वीरगंजमा औद्योगिक तथा व्यापारिक सहरको साथसाथै पर्यटकीय क्षेत्रको रुपमा पनि विकास गर्न जरुरी रहेको बताए । उनका अनुसार वीरगंजमा पछिल्लो समय सुविधा सम्पन तारे होटल तथा रिसोर्टहरु सञ्चालनमा आएका छन् ।

वीरगंजका तारे होटलमा दियालो लडर्स प्लाजा, भिष्वा, क्लार्क रिसोर्ट, लगायतका छन् । वीरगंजको पर्यटन क्षेत्र आन्तरिक र सीमा क्षेत्रका भारतीय पर्यटककै कारणले धानिरहको व्यवसायी बताउँछन् ।

**पर्यटकलाई प्रवेशद्धारमा भव्य स्वागत**

विश्व पर्यटन दिवस २०२४ को अवसरमा वीरगंजमा भारतबाट प्रवेश गर्ने धार्र्मिक पर्यटकहरुलाई नेपाल भारत प्रवेशद्धारमा भव्य स्वागत गरिएको छ । होटल तथापर्यटन व्यवसायी संघ वीरगंजको आयोजनामा सम्पन्न कार्यक्रममा भारतबाट आएका धार्मिक पर्यटकहरुलाई शंकराचार्य गेट अगाडि फूलमाला, टीका लगाएर स्वागत गरिएको थियो । यसअघि बर्षाका बाबजुद पनि वीरगंजमा निस्किएको प्रभात फेरीले नगरपरीक्रमा गरी शंकराचार्य गेटमा पुगेर पर्यटकको स्वागत गरिएको थियो । होटल तथापर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष हरि पन्तको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंजका पर्यटन व्यवसायीहरुले वीरगंजको होटल व्यवसायको प्रमुख आधार भारतीय पर्यटक भएको उल्लेख गर्दै, होटल तथा पर्यटन व्यवसायको वृद्धिका लागि पर्यटकको आवागमनलाई थप प्रवर्द्धन गर्नुपर्ने कुरामा जोड दिएका थिए । कार्यक्रममा पर्यटन व्यवसायीहरुले भारतीय पर्यटकहरूको लागि सहज वातावरणको आवश्यकता औँल्याउँदै, सीमा क्षेत्रमा थप सुविधाहरूको प्रबन्ध गर्नुपर्ने कुरा बताएका थिए । वक्ताहरुले पर्यटनले धार्मिक, सांस्कृतिक र आर्थिक पक्षमा समाजलाई ठूलो योगदान पुर्याउने भन्दै वीरगंजको स्थानीय होटल तथा पर्यटन व्यवसायलाई भारतीय पर्यटकहरुकै कारण धानिएको कुरामा जोड दिएका थिए ।

**बारामा पनि मनाइयो पर्यटन दिवस**

होटल तथा पर्यटन व्यवसायीहरुले ४५ औँ बिश्व पर्यटन दिवस मनाएको छ । पर्यटन ,न्याय र शान्ति मुल नाराको साथ बाराको सिमरामा होटल तथा पर्यटन व्यवसायीहरुले सो दिवस मनाएको हो पर्यटन दिवसको अवसरमा सिमरा विमानस्थलमा लक्की ड्र प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगितामा एक जनाले बुद्ध एयरलाईन्सका र एक जनाले यती एयर लाईन्सका टिकट जितेका थिए । शुक्रबार काठमाडौँ यात्रा गर्न टिकट लिएका यात्रुहरुमध्ये गरिएको गोला प्रथामा दुई जनालाई हवाईजहाज टिकट फ्रि गरिएको हो । यस्तै, पर्यटन दिवसकै अवसरमा काठमाडौँबाट सिमरा अवतरण गर्ने पहिलो हवाईजहाजका यात्रुहरुलाई खाजा, खाँदा र रुद्राक्षको मालासहित स्वागत गर्ने कार्यक्रम राखिएको भएपनि प्रतिकुल मौसमका कारण यो कार्यक्रम रद्ध गरिएको थियो ।

# सातावयापी विश्व पर्यटन दिवसको समापन




**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
‘सिया को दर्शन बिना दर्शन अधूरो, घूमौ मधेश बुझौ प्रदेश’ जनकपुरधाम भ्रमण वर्ष २०२४ भन्ने नाराका साथ सप्ताहव्यापी विश्व पर्यटन दिवस शुक्रबार समापन भएको छ । समापन समारोहका प्रमुख अतिथि मधेश प्रदेशका पर्यटनमन्त्री शकील अली मियाँले जनकपुरधामको जानकी मन्दिर, प्राचीन मणिमण्डपलगायतका मठ मन्दिरको संरक्षण आवश्यक रहेको बताए ।

मधेश प्रदेशमा जानकी मन्दिर, जलेश्वरनाथ, राजा सल्हेशको फुलवारी, सकरा भगवती, कंकालिनी मन्दिर, गढीमाई, वीरगंजका गहवामाईलगायतका ऐतिहासिक तथा पौराणिक मन्दिरहरू छन् । त्यसैगरी कोशी टप्पूआदि घुम्न नेपाल, भारतलगायत देशका पर्यटक आउने गरेका छन् । मधेश सरकारले विकासका लागि पहल गरिरहेको छ । विशेष अतिथि जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधाममा सबैभन्दा बढी भारतबाट पर्यटक आउने गरेको बताए । तर नेपाल सरकारको रवैयाका कारण पर्यटक जनकपुरधाम आउन चाहँदैनन् ।

२५ हजारभन्दा बढी भारतीय रुपैयाँ नगद साट्न नपाउँदा प्रति सय रुपैयाँमा पाँचदेखि दश रुपैयाँसम्म छुट दिनुपर्छ भने विभिन्न ठाउँमा भारतीय प्लेटका सवारीसाधनले अनावश्यक दुव्र्यवहार गर्ने गरेका कारण भारतीय पर्यटक कम आउन थालेको पर्यटकहरुको भनाई छ ।
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधाम रेलवे स्टेसन भारतबाट आउने गरिब यात्रुको आश्रयस्थल भए पनि हतियारधारी कसैलाई पनि राती बस्न नदिने बताए ।
जनकपुरधाम उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष अम्बुप्रसाद साहको अध्यक्षतामा भएको समापन समारोहमा भिजन नेपालका अध्यक्ष परमेश्वर साहलगायतको उपस्थिति रहेको छ ।

# ‘जीवित रहँदा जेष्ठको सम्मान गर यही हो साँचो श्राद्ध’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आफ्ना ठूला र पितृहरूप्रति हाम्रो श्रद्धाको भावनालाई श्राद्ध भनिन्छ । भाद्रपद शुक्ल पूर्णिमादेखि आश्विन कृष्ण पक्षको अमावस्यासम्मको सोह्र दिनको अवधिलाई पितृपक्ष भनिन्छ । यसलाई कानागत पनि भनिन्छ । यस समयमा सूर्य कन्या राशिमा प्रवेश गर्दछ। त्यसैले यसलाई कन्यार्कगत वा कानागत भनिन्छ । ब्रह्म पुराणका अनुसार आश्विन महिनाको कृष्ण पक्षमा यमराजले आफ्ना सन्तानलाई पिण्डदान चढाउन पृथ्वीमा आएका सबै पितृहरूलाई आफ्नो स्थानबाट मुक्त गर्छन् । कर्मपुराणका अनुसार पितृहरू आफ्नो कुलका मानिसहरूले सम्झन्छन् वा नआउने भनेर आजकाल पृथ्वीमा घुम्छन् । श्राद्धद्वारा श्रद्धाञ्जलि नपुगेमा उनीहरु दुःखी हुन्छन् र श्राद्ध नगर्ने र यमलोकमा फर्किनेहरूलाई पितृहरूले श्राप दिन्छन् । बरु श्राद्ध गर्ने मानिसलाई दीर्घायु, धन, सन्तान, ज्ञान र विभिन्न प्रकारका सांसारिक सुखको आशीर्वाद दिएर पितृहरू खुसीसाथ संसारमा फर्किन्छन् । तर यमराजका सबै पितृहरूलाई आफ्नो स्थानबाट मुक्त गर्ने विचारलाई स्वीकार गर्नमा पनि बाधा छ । भगवद्गीताको अध्याय २ मा भनिएको छ, ‘जसरी मानिसले आफ्नो पुरानो वस्त्र त्यागेर नयाँ वस्त्र धारण गर्छ, त्यसरी नै आत्माले आफ्नो पुरानो शरीर त्यागेर नयाँ शरीर धारण गर्छ।’ आत्मा यमलोकमा बस्नुको सट्टा नयाँ शरीरमा बस्छ। यस्तो अवस्थामा पितृको मोक्षको कुरा होस् वा श्राद्ध पक्षमा अर्पण गर्ने भन्ने प्रश्न उठ्छ कि सत्य के हो ? आमाबुवा जिउँदै अनादर गर्नु र मृत्युपछि श्राद्ध र तर्पण गर्नुको अर्थ के हुन सक्छ ?’

पितृलाई प्रसाद कसरी दिने.....
पितृपक्षमा पितृहरू पृथ्वीमा आएर १५ दिन पृथ्वीमा बसेपछि आफ्नो संसारमा फर्किने भारतीय शास्त्रहरूमा विश्वास छ । शास्त्रमा भनिएको छ कि पितृ पक्षमा पितृहरू परिवारका सदस्यहरूसँग बस्ने भएकाले यस दिनमा पितृलाई अप्रसन्न पार्ने काम गर्नु हुँदैन । पितृ पक्षलाई खुसी राख्न पितृ पक्षमा केही कुरामा विशेष ध्यान दिनुपर्छ । पितृपक्षमा ब्राह्मण, ज्वाइँ, भतिजा, मामा, गुरु, नातिनातिनालाई भोजन दिनुपर्छ । यसबाट पितृहरू धेरै खुसी हुन्छन् । ब्राह्मणहरूलाई खाना खुवाउँदा दुवै हातले भोजनको भाँडो समात्नु पर्छ, अन्यथा दानवहरूले खानाको अंश लिन्छन्, जसले गर्दा ब्राह्मणहरूले खाना खाए पनि पितृहरूले भोजनको अंश लिँदैनन् । पितृपक्षको समयमा ढोकामा आउने कुनै पनि जनावरलाई मार्नु हुँदैन तर तिनीहरूका लागि उपयुक्त भोजनको व्यवस्था गर्नुपर्छ । हरेक दिन खाना पकाएर एक भाग निकालेर गाई, कुकुर, काग वा बिरालोलाई दिनुपर्छ । उनीहरुलाई दिइएको भोजन सिधै पितृकहाँ जाने विश्वास छ ।
साँझ घरको प्रवेशद्वारमा दीप प्रज्वलन गरी पितृको ध्यान गर्नुपर्छ । हिन्दू शास्त्र अनुसार पितृको मृत्यु भएको मितिमा श्राद्ध गर्नुपर्छ । यस पक्षमा पितृहरूलाई जल चढाउने र पुण्यतिथिमा श्राद्ध गर्नेहरूको सबै मनोकामना पूरा हुन्छ । आफ्ना आफन्तको मृत्यु मिति थाहा नभएका मानिसहरूका लागि पितृ पक्षमा केही विशेष तिथिहरू पनि तोकिएको छ, जसमा उनीहरूले पितृको श्राद्ध गर्न सक्छन् ।

# ‘पुरुष अफिसर भन्दा कम हुँदैनन महिला अफिसर’

**सञ्जय मिश्रा**
**रौतहट ।**
पुरूष प्रहरी अधिकृतको तुलनामा कम हुँदैनन भने महिला अफिसर भन्ने कुरा सानो समयमै डिएसपी एलिजा गिरीले प्रमाणीत गरेकी छिन् । मात्र १० महिना रौतहट बसाईको क्रममा डिएसपी गिरीले आफ्नो सक्रियता र कार्यकुशलता महिला अफिसरको कार्य क्षमता बारे प्रमाणीत गरेकी हुन् । जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता रहेर काम गरेकी डिएसपी गिरीको कार्यकालमा रहेका दुईजना एसपीले उनको खुलेरै प्रशंसा गरेका छन् ।

बर्तमान जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले डिएसपी गिरि हुँदा अधिकांस कामहरू उनकै जिम्मामा हुने तथा सहजरुपमा पूरा गर्ने गरेको बताएका छन् । एसपी घिमिरे अघी एसपी महेन्द्र श्रेष्ठसँग पनि उनी केही महिना काम गरेकी थिइन् । डिएसपी गिरीको जिल्ला प्रहरी कार्यालय बाट प्रहरी प्रधान कार्यालय युएन शाखामा सरुवा भएको तथा उनी बिहीवार रौतहटबाट बिदाई भएकी छिन् । एसपीको टवाईसी भएर पनि उनले कैयौं घटनामा आफ्नो सुझबुझ र साहसको प्रदर्शन गरेकी थिइन् । हतियार सहित आएका ३ जना भारतीय लुटेराले ईशनाथ नगरपालिका घिउरा बजार स्थित एकजना आईएमई सञ्चालकलाई गोली हानेर लाखौं रुपैयाँ लुटेको घटनामा जिल्ला प्रहरी कार्यालय रौतहटबाट उनकै नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको थियो । सशस्त्र प्रहरी संग खटेको टोलीले तीनैजना भारतीय लुटेरालाई दुईथान हतियार र लुटिएको रुपैयाँ सहित पक्राउ गर्न सफल भएको थियो । त्यस्तै डिएसपी एलिजा गिरीकै कमाण्डको टोलीले १८ लाख नक्कली नेपाली नोट बरामद, ईशनाथ नगरपालिकामा सरस्वतीको मूर्ति बिसर्जन, झण्डी मेलाको बिषयमा हिन्दू मुस्लिम समुदाय बिच उत्पन्न बिवाद समाधान, आँप टिपेको निहुँमा भएको युवकको हत्यामा संलग्नलाई पक्राउ, मानिस अपहरण गरी फिरौती माग्ने आरोपी पक्राउ गर्न सफल भएको थियो ।
डिएसपी गिरीको कुशल नेतृत्व र सुमधुर सम्बन्ध तथा ब्यवहार प्रहरी बिच मात्र नभई रौतहटको सर्वसाधारण माथि एउटा छाप परेको छ । डिएसपी गिरीको पहल तथा अगुवाईमा महिला हिंसा न्यूनीकरण गर्न कटहरिया र औरैयामा हजारौँ महिला पुरुषको सहभागितामा जनचेतना मुलक कार्यक्रम आयोजना गरिएको थियो । नेकपा एमालेका केन्द्रिय सदस्य तथा मधेश प्रदेशका पूर्व सांसद कुन्दन कुशवाहाले डिएसपी गिरीको कार्यकुशलताका सराहना गर्दै प्रहरीमा कुशल महिला अधिकृतले चाहे गरेमा समाजको धेरै बिकृति निर्मूल हुनसक्ने बताएका छन् ।

मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी लालमणि आचार्यले समेत डिएसपी गिरीको कार्यसम्पादनको मूल्याङकन गर्दै सराहना गरेका छन् । डिएसपी एलिजा गिरी २०८० पुस ८ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा हाजिर भएर काम गरेकी थिइन् । उनको गत ८ गते प्रहरी प्रधान कार्यालय युएन शाखामा सरुवा भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन